'चालु अधिवेशनबाट धेरै कानुन पारित हुनेमा आशावादी छु' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २५ • अंक २७७ • २०८० साल फाल्गुन २१ गते सोमबार (4 March, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## सत्ता गठबन्धनमाथि ग्रहण

**टुडे समाचारदाता**

काठमाण्डु ।संघीय सत्ता गठबन्धनमाथि ग्रहण लाग्न थालेको छ ।प्रधानमन्त्री पुष्पकमल दाहालले सरकारमा रहेका केहि मन्त्रीहरुलाई फेर्नै पर्ने बताएपछि गठबन्धनमाथि नै ग्रहण लागेको छ ।

सत्ता साझेदार दलहरु मध्येको एकिकृत समाजवादी पार्टी(एस)का विवादित दुई मन्त्रीलाई प्रधानमन्त्री प्रचण्डले चाहेरपनि हटाउन सकेका छैनन् ।कांग्रेसका पनि केहि मन्त्रीलाई उनले रुचाएका छैनन् ।तर हटाउन दलहरुले मञ्जुरी नदिँदा प्रचण्ड बिच्किएका छन् ।

आसन्न राष्ट्रिय सभाको अध्यक्षको चयनमा शक्ति सन्तुलन गर्न प्रचण्डले एमालेसितको निकटता बढाएका छन् ।उनले राष्ट्रिय सभाको अध्यक्ष पद नछाडने अडानमा छन् ।कांग्रेसलेपनि राष्ट्रिय सभाको अध्यक्ष लिन खोजेका छन् ।

एमालेले राष्ट्रिय सभाको चुनावमा माओवादीलाई सघाएर उपचुनावमा समर्थन चाहेको छ ।एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्वांगको मृत्युपछि रिक्त रहेको प्रतिनिधि सभा सदस्यको चुनाव चैतमा हुने भएकोछ ।एमालेले माओवादीसित तालमेलगरि सो सिटलाई पक्का गर्न चाहेको छ ।

प्रधानमन्त्री प्रचण्डलाई एमाले अध्यक्ष ओलीले आइतवार बिहान र साँझगरि दुई पटक भेंटेका छन् ।संक्रमणकालिन न्याय सम्बन्धी विधेयक पारित गर्न छलफल भएको बताइएपनि सत्ता साझेदारीको विषयमा गंभीर छलफल भएको स्रोतले जनाएका छन् ।साँझ भएको छलफलमा महासचिव शंकर पोखरेलपनि सहभागि थिए ।

प्रधानमन्त्री प्रचण्डले साँझ राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवी लामिछानेसित छलफल गरेका छन् ।उनले सत्तागठबन्धन बाहिर रहेका दलका शीर्ष नेताहरुसित छलफलगरि गठबन्धनका नेताहरुलाई थर्काउने प्रयास गरेको बताइन्छ ।

काग्रेस उच्च स्रोतका अनुसार सोमवार बिहान ८ बजे सत्ता गठबन्धनको बैठक प्रधानमन्त्री निवास बालुवाटारमा बोलाइएको छ ।

प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीबीच पछिल्लो केहि दिनदेखि संवाद र भेंटको क्रम बाक्लिएको छ ।भरतपुर महानगरपालिकाको भ्रमण वर्ष उदघाटन कार्यक्रममा नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल रहेको मञ्चमा पुगेका थिए ।

### नेता रिझाउन मालाको होड

# शंकरलाई एक, विष्णुलाई दुई क्विन्टलको माला

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको राजधानी जनकपुरधाममा नेकपा एमालेका नेताहरुलाई रिझाउन क्विन्टलको माला लगाउने होडवाजी चलेको छ ।

धनुषाको हँसपुर नगरपालिकामा एक कार्यक्रममा सहभागी हुन शनिवार पुगेका एमालेका महासचिव शंकर पोखरेललाई रिझाउनका लागि एक सय एक किलो फुलको माला लगाइएको थियो ।

एक क्विन्टल माला पोखरेललाई लगाइएको २४ घण्टा नबित्दै उपाध्यक्ष विष्णु पौडेललाई २ क्विन्टलको माला लगाएर विमानस्थलमा स्वागत गरिएको छ ।

धनुषाको महेन्द्रनगरमा आयोजना गरिएको महिला राष्ट्रिय हक्की प्रतियोगिताको समापन समारोहलाई सम्बोधन गर्न एमाले अध्यक्ष केपी शर्मा ओली आउने हल्ला फैलाइएको थियो । सोही अनुसार जनकपुरधामका स्थानीय नेता कार्यकर्ताहरुले महासचिव पोखरेललाई लगाइएको फुलको मालाभन्दा दोब्बरको माला रातारात तयार गरेका थिए । तर हल्ला फैलाइए अनुसार अध्यक्ष ओली नआउँदा दुई सय ११ किलो फुलको माला उपाध्यक्ष विष्णुप्रसाद पौडेलको गलामा लगाइयो ।



उपाध्यक्ष पौडेलको गलामा माला लगाउँदै गर्दा केही नेताले उनलाई भाग्यमानी नेता रहेको बताइरहेका थिए ।

एमालेका अध्यक्ष केपी शर्मा ओली आउने भन्दै उनको स्वागतमा पूर्वमन्त्री रघुविर महासेठ र नेतृ जुलीकुमारी महतोलगायतको निर्देशनमा कार्यकर्ताहरुले दुई क्वीन्टल ११ किलोग्रामको फुलको माला तयार गरेका थिए ।

एक दिन अघि एमाले महासचिव पोखरेललाई पनि धनुषाको हँसपुर नगरपालिकामा एक सय एक किलोग्राम फुलको माला लगाएर स्वागत गरिएको थियो ।

धनुषामा एमालेका कार्यकर्ताहरुले आफ्ना नेतालाई रिझाउनका लागि फुलको गुच्छासहिका दुई क्विन्टल भन्दापनि बढी वजनको माला लगाउन तछाडमछाड नै गर्न थालेका छन् । कतिपय एमाले कार्यकर्ताहरुले शक्तिशाली नेतागणको गलामा माला लगाएर निकट्ता बढाउने प्रयासमा लागेका छन् ।धनुषाबाट एमालेको महासचिव रघुबीर महासेठ रहेका छन् ।पछिल्लो समय उनी कोशी प्रदेशको इञ्चार्जपनि रहेका छन् ।

धनुषा जिल्लाको महेन्द्रनगरमा आइतवार सम्पन्न भएको महिला हक्की प्रतियोगिताको पूर्व राष्ट्रपति विद्या देवी भण्डारीले उद्घाटन गरेकी थिइन् ।समापन कार्यक्रमको प्रमुख अतिथि एमाले अध्यक्ष ओली रहेका थिए ।तर संघीय राजधानीमा सत्ता समिकरण फेर्ने खेल तिव्र रुपमा अगाडी बढन थालेपछि उनी भेंटघाटमा सकृय भएका थिए ।

संघीय सत्ता गठबन्धनलाई भत्ताभुंग गर्न अध्यक्ष ओली पछिल्लो दिनमा सकृय भएका छन् ।राष्ट्रिय सभाको अध्यक्ष र उपचुनावको विषयमा एमाले र माओवादी नजिकिएका छन् ।

धनुषामा एमाले भित्र दुई धार प्रष्ट रुपमा देखिएको छ ।नेता महासेठको नेतृत्वलाई चुनौती दिने स्थितिमा अर्को समुह नलागेपनि जिल्लामा पकड बलियो बनाउन कसरत गरिरहेको छ ।

## अन्तर्विरोधकै कारण सत्ता गठबन्धन चर्मराउँदो: उपाध्यक्ष पौडेल

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले वर्तमान सरकार गठबन्धनकै कारण जुनसुकै बेला चर्मराउन सक्ने बताएका छन् ।

जनकपुरधाम विमानस्थलमा आइतबार संचारकर्मीहरुसँग कुराकानी गर्दै पूर्वमन्त्रीसमेत रहेका उपाध्यक्ष पौडेलले वर्तमान सरकारको सत्ता गठबन्धनमै अन्तर्विरोध रहेको हुनाले जुनसुकै बेला टुट्न सक्ने बताए ।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका स्थित महेन्द्रनगरमा आयोजना गरिएको महिला राष्ट्रिय हक्की प्रतियोगिताको समापन समारोहमा सहभागी हुन पुगेका उपाध्यक्ष पौडेलले सत्ता गठबन्धन भित्रै देखिएको व्यापक असन्तुष्टि र अन्तर्विरोधका कारण जुनसुकै बेला टुट्न र फुट्न सक्ने बताए ।

आफुहरु गठबन्धन भित्रको तमासा हेरिरहेको बताउँदै उपाध्यक्ष पौडेलले कसैलाई पनि अहिले नै काँध थाप्ने अवस्थामा नरहेको समेत बताए ।

सत्ता गठबन्धनमा रहेका दलहरुको आ-आफ्नै स्वार्थ रहेकाले बार्गेनिंगकै भरमा सत्ता चलिरहे पनि जुनसुकै बेला अहिलेको गठबन्धन सरकार ढल्ने उपाध्यक्ष पौडेलले बताए ।

उनले गठबन्धनभित्रको असन्तुष्टि प्रत्यक्षरुपमा देखिए पनि अझैसम्म स्पष्ट नभएकोले एमालेले वर्तमान गठबन्धन सरकारलाई काँध थापेर रमिते नबन्ने पक्षमा रहेको बताए ।

उनले अहिले मुलुकको विकास र प्रगतिको बाधक गठबन्धन सरकार रहेको समेत आरोप लगाए ।







# क्रिकेट प्रतियोगितामा कलैया क्रिकेट क्लब विजय

**रञ्जन यादव**

बारा । कलैया क्रिकेट क्लबले 'जीतपुरसिमरा चौथो हरपुर टी-२० क्रिकेट च्याम्पियन्स ट्रफि' मा विजयी सुरुवात गरेको छ।



जीतपुरसिमरा वडा नं.२४ स्थित हरपुर मैदानमा आइतबार भएको उद्घाटन खेलमा मकवानपुर क्रिकेट संघलाई ६ विकेटले पराजित गर्दै कलैयाले विजयी सुरुवात गरेको हो।

टस जितेर पहिले ब्याटिंग रोजेको मकवानपुरले २० ओभरमा सबै विकेट गुमाउँदै एक सय १६ रन बनाएको थियो। मकवानपुरविरुद्ध कलैयाका शंकर पौडेलले चार विकेट लिएको थियो। तीन ओभर बलिंग गर्दै १३ रन खर्चिएर पौडेलले चार विकेट लिएका थिए। यसैगरी भुलावन सहनी र कुमार थापाले एक-एक विकेट हात पारेको छ ।

प्रतियोगिता अन्तर्गत सोमबार आयोजक हरपुर क्रिकेट क्लब र नेशनल इन्फोटेक पर्साबीच खेल हुने आयोजकले जनाएको छ। यसअघि जीतपुरसिमरका नगर प्रमुख राजन पौडेलले बलिंग र उपप्रमुख भोलाप्रसाद अधिकारीले ब्याटिंग गर्दै प्रतियोगिताको उद्घाटन गरेका थिए।

सो कार्यक्रममा नगरप्रमुख पौडेलले जीतपुरसिमरा उपमहानगरपालिकाले उपमहानगर भित्र दुई करोड ५४ लाख बजेट खेलकुदमा लगानी गरे पनि अनुकुल नतिजा नआएको बताए।

उनले भने, 'हामिले करिब कुल बजेट को १.५० प्रतिशत बजेत खेलकुदमा लगानी गरेपनि अहिले सम्म जीतपुरसिमरा उपमहानगरपालिका भित्रका कुनै पनि खेलाडीले राष्ट्रिय टिम सहभागी हुन सकेको छैन।'

त्यस्तै सो कार्यक्रममा बोल्दै नगर उपप्रमुख भोला अधिकारीले हरपुर क्रिकेट मैदानको स्तरोन्नतिको लागि उपमहानगरले सहयोग गर्न तयार रहेको बताए । प्रतियोगिताको विजेताले ५० हजार रुपैयाँ नगद र उपबिजेताले ३० हजार रुपैयाँ नगद पुरस्कार पाउने छन् । हरपुर क्रीकेट क्लबको अध्यक्ष सेराजुल अन्सारीको अध्यक्षतामा सुरु भएको प्रतियोगितामा वडा नम्बर २४ का वडाध्यक्ष सुल्तान अन्सारीले स्वागत गरेका थिए।

# शहीदनगर नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । स्यानिटरी प्याड खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमावलीविरुद्ध गएर खरिद गरेपछि धनुषा शहीदनगर नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित नौ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ।




अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नगरपालिकाका तत्कालीन मेयर उदयकुमार यादव, उपमेयर शिला देवी कापर, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शत्रुधन यादव, लेखापाल लोकबहादुर नेपाली, जिन्सी शाखा प्रमुख सुदिपकुमार भट्टराई, स्वास्थ्य संयोजक कपिलदेवप्रसाद अधिकारी, सव-इन्जिनियर सरोजकुमार महतो र रेजा ट्रेडिङ प्रालिका सञ्चालक एवम् रेज टुडे पत्रिकाका प्रकाशक अकवर मंसुर श्री माध्यामिक विद्यालयका तत्कालीन प्रधानाध्यापक श्रीकृष्ण भिनवारविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

आर्थिक वर्ष २०७७/०७८ मा नगरपालिकाले सशर्त अनुदानतर्फको स्यानिटरी प्याड खरिदको लागि फागुन १९ मा रेजासँग खरिद सम्झौता भएकोमा सम्झौता हुन अघि नै फागुन १३ मा १३ लाख ९३ हजार ६ सय ८७ रुपैंया भुक्तानी गरेको आयोगको अनुसन्धानबाट खुलेको छ। खरिद सम्झौता हुँदा स्यानिटरी प्याडको आवश्यक संख्या समेत नखुलाइकनै रेजाले आपूर्ति गरेपछि मुद्दा दायर गरेको आयोगका प्रवक्ता नरहरि रेग्मीले बताए। रेजा टुडे पत्रिकाले सूचना प्रकाशन गरेको भनेर झुटा विवरण उल्लेख गरेपछि उसको प्रकाशकलाई समेत मुद्दा दायर गरेको आयोगले जनाएको छ।

आयोगले नगरप्रमुख यादव, उपप्रमुख कापर, प्रशासकीय अधिकृत यादव, लेखापाल नेपाली, जिन्सी शाखा प्रमुख भट्टराई, स्वास्थ्य संयोजक अधिकारी, प्रधानाध्यापक भिनवार र सव- इन्जिनियर महतो विरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिम कसुर भएकोले सोही ऐनको दफा ८ को उपदफा १ बमोजिम कैद र बिगो बमोजिमको जरिवाना गरी विगो समेत असुल उपर हुने मागदावी लिइएको छ । बिगो रकम १३ लाख ९३ हजार ६ सय ८७ रुपैंया मागदावी लिइएको छ।

रेजा ट्रेडिङ प्रालिका प्रोपाइटर एवं रेजा टुडे पत्रिकाका प्रकाशक मंसुरविरुद्ध बिगो रकम एउटै भएपनि भ्रष्टाचार निवारण ऐन, २०५८ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर भएकोले ऐ। दफा ८ को उपदफा (४) बमोजिम सजाय मागदावी गरेको आयोगका प्रवक्ता नरहरि घिमिरेले बताए।

# राजस्व परामर्श समिति गठन

**टुडे समाचारदाता**

काठमाण्डु । राजस्व परिचालन तथा व्यवस्थापनका क्षेत्रमा सरकारलाई सुझाव दिने संयन्त्रका रुपमा रहेको राजस्व परामर्श समिति गठन भएर काम सुरु गरेको छ।




राजस्व सचिव रामप्रसाद घिमिरेको संयोजकत्वमा समिति र सोअन्तर्गत विभिन्न विषयगत उपसमितिहरु गठन गरी काम थालिएको अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार समितिमा अर्थ मन्त्रालय र उद्योग मन्त्रालयका पदाधिकारी, निजी क्षेत्रका छाता संस्थाका प्रतिनिधि, अर्थ तथा राजस्वविद्हरु अन्य विषयगत विज्ञलगायत रहेका छन्।

समितिले आगामी आर्थिक वर्षको आर्थिक ऐनमार्फत गरिनुपर्ने कर प्रशासनसँग सम्बन्धित संशोधनका विषयमा सरकारलाई सुझाव दिनेछ। सरकारको राजस्व नीति, कर संरचना, अन्तर्राष्ट्रिय कर प्रणाली, कर छुट तथा करमा दोहोरोपनालगायतका विषयमा यो समितिले सुझाव दिनेछ । त्यस्तै, नयाँ कर कानुन बनाउने, कुनै कानुनी व्यवस्था खारेज गर्नुपर्ने भएमा त्यसको सिफारिस गर्ने र करका दर परिवर्तन गर्नेबारे पनि सरकारले यो समितिमार्फत सुझाव लिनेछ।

समितिअन्तर्गत विभिन्न विषयगत उपसमितिहरु बनाएर क्षेत्रगत सुझाव लिने अभ्यास रहँदै आएको छ । जसअन्तर्गत आन्तरिक राजस्व, भन्सार, उद्योग तथा वाणिज्य, कृषि, पर्यटन, ऊर्जा, राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान, लगानी तथा निर्यात प्रवर्द्धनलगायतका विषयगत उपसमिति रहन्छन् । यी उपसमितिहरुले सम्बन्धित सरोकारवाला क्षेत्रसँग राय, सल्लाह तथा छलफल गरेर सुझाव एकीकृत गरी सरकारलाई बुझाउने छन्।

राजस्व परिचालन तथा व्यवस्थापनका क्षेत्रमा सरकारलाई सुझाव दिने तथा नीतिगत सिफारिस पेस गर्ने संरचनाका रुपमा राजस्व परामर्श समिति रहँदै आएको छ । मुलुकको राजस्व नीति, करका दर र राजस्वसँग सम्बन्धित प्रक्रियागत तथा सङ्गठनात्मक व्यवस्थामा समयानुकूल परिवर्तन गर्नका लागि यो समितिमार्फत सरकारलाई सुझाव जानेछ।

# विधि र कानुन निर्माणबारे धेरै सिक्ने अवसर पाइयो: सभापति

**टुडे समाचारदाता**


काठमाण्डु । राष्ट्रियसभाको दिगो विकास तथा सुशासन समितिका सभापति प्रकाश पन्थले आफ्नो छ वर्षे राष्ट्रियसभाको सदस्य कार्यकाल संसदीय अभ्यासका दौरानमा विधि र कानुन निर्माणमा धेरै सिक्ने अवसर भएको उल्लेख गरेका छन्।

आइतबार विज्ञप्ति जारी गर्दै उनले २०७४ सालदेखि २०८० फागुन २० गतेसम्म राष्ट्रियसभाको सदस्य भई छ वर्षे कार्यअवधिमा संवैधानिक जिम्मेवारी बहन गर्ने भूमिका प्राप्त भएको उल्लेख गरे । उनको छ वर्षे राष्ट्रियसभाको सदस्यको कार्यकाल आइतबारदेखि सकिँदैछ ।"ऐतिहासिक गौरवको अनुभूति भएको छ । सिकाइ र अनुभव मुलुक र जनताको हितमा सदैव उच्चतम सदुपयोग गर्नेछु । आगामी दिनमा संसद्, सरकार र नागरिक सरोकारवालालाई निरन्तर जोड्ने प्रयास गर्नेछु", उनले विज्ञप्तिमा उल्लेख गरेका छन्।

सभापति पन्थले नीति, विधि, थिति निर्माणमा नागरिक सहभागिता प्रवर्द्धनमा आफ्नो भूमिका रहिरहने बताउँदै सामाजिक न्यायको पक्षमा, सुशासन प्रवर्द्धन र भ्रष्टाचारविरुद्धको अभियानमा आमनागरिकको साथमा खडा भइरहने उल्लेख गरेका छन्।

संविधान र व्यवस्था अग्रगामी हुँदाहुँदै पनि नागरिकको इच्छा, चाहना, अपेक्षा एवं भरोसा अनुकूल मुलुक र जनताको हितमा काम हुन नसकिरहेको उनको भनाइ छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको रक्षा गर्दै संविधान निर्माण र जारी गर्ने राजनीतिक शक्ति र नेतृत्वले विश्वास र भरोसाका साथ सबैलाई जोडेर अघि बढ्नुको विकल्प नरहेको उनले बताएका छन्।

# राष्ट्रिय गौरवका आयोजनाबारे प्रधानमन्त्रीलाई 'ब्रिफिङ'



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगतिबारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अधिकारीहरूसँग छलफल गरेका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा आइतबार प्रधानमन्त्रीले भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वाला, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्मा, विभागीय प्रमुख र मन्त्रालयका सहसचिवहरूसँग छलफल गरेका हुन्।

प्रधानमन्त्रीले राष्ट्रिय गौरवका आयोजनाहरूको आफूले नियमित अनुगमन गरिरहेको जानकारी दिँदै आयोजनाको लागत बढेमा स्वयं आयोजना प्रमुखहरू नै जिम्मेवार हुनेगरी कार्यसम्पादनको व्यवस्था मिलाउन निर्देशन दिए । प्रधानमन्त्रीले उत्तरदक्षिण (कोशी करिडोर) खाँदबारी-किमाथाङ्का सडक योजना, कालीगण्डकी करिडोर र कर्णाली करिडोरको प्रगतिबारे मन्त्रालयका अधिकारीबाट जानकारी लिएका थिए।

कोशी करिडोरको भौतिक प्रगति ३२ प्रतिशत, वित्तीय प्रगति पनि ३२ प्रतिशत नै रहेको जानकारी दिँदै सचिव शर्माले सडक निर्माणको काममा प्रगति भइरहेको जानकारी दिए ।उत्तर दक्षिण (कालीगण्डकी करिडोर) सडक योजनाको ६३ प्रतिशत भौतिक प्रगति र ५५.७ प्रतिशत आर्थिक प्रगति रहेको जानकारी दिँदै उनले स्रोत व्यवस्थापनको सीमितताका कारण अपेक्षित प्रगति हासिल नभएको बताए । उत्तर दक्षिण (कर्णाली करिडोर) सडक योजनाको भौतिक र वित्तीय प्रगति सन्तोषजनक रहेको जानकारी पनि उनले दिए।

प्रधानमन्त्रीले विगत २५० वर्षमा भएको भौतिक र मानवीय प्रगतिभन्दा गणतन्त्रपछि भएको प्रगति निकै उत्साहप्रद रहे पनि त्यसबारे आम नागरिकमा यथार्थ सम्प्रेषण गर्नुपर्नेमा जोड दिएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ।

प्रधानमन्त्रीले भने, "पछिल्लो १५ वर्षमा भौतिक एवं मानवीय विकासका क्षेत्रमा राम्रा काम भएका छन् तर जनतामा सही ढङ्गले सूचना सम्प्रेषण गर्न नसक्दा निरासाजस्तो देखिएको छ । यति धेरै काम भएको जानकारी हामीले जनतालाई दिनुपर्छ, उनीहरूलाई सही ढङ्गले प्रशिक्षित गर्नुपर्छ।"

उनले विकास आयोजनाका कामलाई उच्च प्राथमिकता दिन र आयोजना प्रमुखहरूलाई परियोजनास्थलमा नै बसेर काम गर्ने वातावरण बनाउन मन्त्री ज्वालालाई निर्देशन दिए। प्रधानमन्त्रीले भने, "विकास आयोजनाका काममा हामी सबैले उच्च प्राथमिकता दिनुपर्छ। मन्त्रालय र आयोजनाले निर्धारित काम तोकिएको समयमा पूरा नगर्दा आयोजनाको लागत बढ्दै गएको छ । तसर्थ, यो बेथिति अन्त्य गर्न गम्भीर भएर लाग्नुस्।"

# कमाउन र रमाउन विदेश नै जानुपर्छ भन्ने छैन : अर्थमन्त्री

**टुडे समाचारदाता**

त्रिशूली । अर्थमन्त्री डा प्रकाशरण महतले ग्रामीण क्षेत्रको विकासका निम्ति सरकार प्रतिबद्ध रहेको बताएका छन् । देशमा रोजगारीका अवसरको सृजना तथा शैक्षिक रुपान्तरणका माध्यमबाट उन्नयनको मार्गमा अग्रसर हुन सहज हुने भन्दै उनले कमाउन र रमाउन विदेश नै जानुपर्छ भन्ने मान्यताबाट मुक्त हुनुपर्नेमा जोड दिए।

नुवाकोटको शिवपुरी गाउँपालिका-४ सिक्रेस्थित स्याउरीभूमे माध्यमिक विद्यालयको ४१औं वार्षिकोत्सव तथा अभिभावक भेलालाई आइतबार सम्बोधन गर्दै अर्थमन्त्रीले गाउँगाउँमा विकास र शैक्षिक गुणस्तरमार्फत युवा वर्गलाई रोजगारीमा केन्द्रित गराउने योजना तथा बजेट कार्यान्वयनमा सरकार केन्द्रित रहेको बताए।

"गाउँगाउँमा उत्पादन बढाएर गाउँका सहरमा पुऱ्याउनुपर्छ," उनले भने, "पूर्वाधारको विकास र प्राविधिक-आधुनिक शिक्षामार्फत नयाँ फड्को मार्ने प्रयासमा सरकार केन्द्रित छ।" युवालाई आफ्नै गाउँमा टिकाउन रोजगारको सिर्जनाका लागि पूर्वाधार विकास र गुणस्तरीय शिक्षा नै पहिलो आधार भएकाले सोहीअनुसार सरकारले नयाँ-नयाँ योजना कार्यान्वयनमा ल्याएको अर्थमन्त्रीले जानकारी दिए।



"अहिले विकासको रफ्तार सुरु भएको छ । गाउँगाउँमा सडक सहितको पूर्वाधारको विकास र कृषिको आधुनिकीकरण र यन्त्रिकरणबाट उब्जनीलाई बढावा दिँदै ती सामग्री सहरमा पुऱ्याउनुपर्छ," उनले भने, "सडकसहित सिँचाइ, खानेपानीलगायत ग्रामीण पूर्वाधार विकासमा चालु आर्थिक वर्षदेखि सरकारले प्राथमिकता दिएकाले मुलुकमा विकासले नयाँ फड्को मार्ने चरणमा प्रवेश गरेको छ।"

लामो समयसम्म शिथिल बनेको देशको अर्थतन्त्रमा सुधार हुँदै गएको तथा गाउँमै केही गर्न सकिन्छ भन्ने उद्यमी पनि रहेका दृष्टान्त प्रस्तुत गर्दै अर्थमन्त्री महतले भने, "सुधारिएको अर्थतन्त्रले रोजगारी र उद्यमी बढ्ने क्रममा छन्, पूर्वाधार निर्माण, गुणस्तरीय शिक्षाको व्यवस्था गरेर सरकारले गाउँ केन्द्रित नयाँ कार्यक्रम सञ्चालनमा जोड दिइएको छ ।""कमाउन र रमाउन विदेश नै जानुपर्छ भन्ने छैन," उनले भने, "परिवार पाल्न र सन्ततिको भविष्य सुनिश्चित हुने वातावरण नेपालमा नै हुनेछ भन्नेमा विश्वास गर्न आग्रह गर्दछु।" उहाँले व्यावसायिक कृषिमा लाग्न स्थानीय किसानलाई सुझाव पनि दिए।

## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड को विमा लेख मिति २०८०/१०/१७ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।


**नाम : रंजन साह**
**विमालेख नं.:१७००१२८४६**
**ठेगाना: मनरसिशवा न.पा.-९, महोत्तरी**
**मो.नं. ९८६४०४३९२०**

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : पारिवाहिक सुख। |
| बृश्चिक | : धन वृद्धि सञ्चय। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**दुर्घटनाग्रस्त क्षेत्रको संकेत** : जनकपुरधामदेखि लालबन्दी जाने महेन्द्रराजमार्ग अवस्थित सडकमै झुण्डयाइएको दुर्घटनामुलक संकेत। *तस्बिर : किरण कर्ण*

# नगर प्रमुखलाई तीन दिने अल्टिमेटम

**टुडे समाचारदाता**

राजविराज।सप्तरीकोशम्भुनाथ नगरपालिकाका वडाध्यक्षहरुले आइतवार विभिन्न ८ बुदे माग अघि सार्दै कार्यवाहक नगरप्रमुख अनिता कुमारी चौधरीलाई ज्ञापन पत्र बुझाएका छन्।

कुल १२ वडा रहेको नगरपालिकाका ७ वटा वडाध्यक्षहरुले संयुक्तरुपमा उक्त ज्ञापन पत्र बुझाएको हो। ज्ञापन पत्र बुझाउने सबै नेपाली काँग्रेसबाट निर्वाचित वडाध्यक्षहरु हुन।

ज्ञापन पत्र मार्फत आ.ब.२०८०/०८१ को आयब्यव सार्वजनिक गर्नू पर्ने, कर्मचारीहरुको दरबन्दी मिलान गर्नू पर्ने, दुई चौमासिकको कार्यप्रगति विवरण सार्वजनिक गर्नू पर्ने, नगपालिकाको प्रशासनिक खर्च सहितको रेडबुक तथा वेवसाइडमा अभिलेख राख्नु पर्ने, १५ शैयाको अस्पताल निर्माण गर्नू पर्ने लगायतका ८ बुंदे माग अधि सारिएको छ।




वडा १ का वडाध्यक्ष जिवछ साह, २ का वडाध्यक्ष दुर्गानन्द भगत, ३ का वडाध्यक्ष नविन चौधरी, ५ का वडाध्यक्ष जामुन चौधरी, ६ का वडाध्यक्ष सचेन्द्र चौधरी ७ का वडाध्यक्ष गोपाल चौधरी र १० का वडाध्यक्ष सत्यनारायण साहद्वारा संयुक्त रुपमा बुझाइएको ज्ञापन पत्र मार्फत तीन दिन भित्र मागँ पुरा नगरिए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी समेत दिइएको छ।

ज्ञापन पत्र मार्फत यस अघि उक्त मागहरु सम्बोधनका लागी पटक/पटक कार्यवाहक मेयर चौधरी संग वार्ता गर्दा रुखो ब्यवहार देखाएको उल्लेख गर्दै आपत्ती सहित त्यस्तो गल्ती सच्याउन तथा माफी माग्न समेत माग गरिएको छ।

शम्भुनाथ नगरपालिकाका मेयर र उपमेयर दुबै नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)ले जितको छ। मेयर जितेन्द्र प्रसाद गुप्ता विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विषेश अदालतमा भ्रष्टाचार मुदा दायर गरेपछि उनी हाल निलम्बीत अवस्थामा छन्।

मेयर निलम्बीत भएपछि हाल उपमेयर चौधरी कार्यवाहक मेयर भई नगरपालिका चलाउदै आएकी छिन्।

# बालिका मृत्युबारे गम्भीर छानबिन गर्न समितिको निर्देशन



**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले चितवनको रत्ननगरस्थित एकता शिशु निकेतन माध्यमिक विद्यालयमा भएको बालिकाको मृत्युको घटनाप्रति गम्भीर ढङ्गले सत्य तथ्य छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन सरकारको ध्यानाकर्षण गराएको छ।

समितिको आइतबार सिंहदरबारमा बसेको बैठकले उक्त घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै घटनाको अझ प्रभावकारी रुपमा शीघ्र छानबिन गरी सत्यतथ्य बाहिर ल्याउन सरकारलाई निर्देशन दिएको हो।

समितिका सभापति भानुभक्त जोशीले बालिका मृत्युबारे सरकारले गृहमन्त्रालयमार्फत छानबिन गरिरहेको जानकारी आएको भन्दै अझै गम्भीर रुपमा छानबिन गरी सत्यतथ्य बाहिर ल्याउन सरकारलाई निर्देशन दिने निर्णय भएको बताए। यही फागुन १२ गते रत्ननगरस्थित एकता शिशु निकेतन माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत १४ वर्षीया छात्रा शालिन पोखरेल उक्त विद्यालयको छात्राबासमा मृतअवस्थामा फेला पारेका थिए। बैठकले को मृत्युबारे हत्या, आत्महत्या वा दुरुत्साहन के हो ? सो बारे अध्ययन तथा विश्लेषण गरी तथ्य प्रमाणका आधारमा दोषी उपर कारबाहीको प्रक्रियाबारे समितिलाई जानकारी गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समेत ध्यानाकर्षण गराएको छ।

समितिले विद्यालय तथा छात्राबासलाई बालमैत्री, भयमुक्त र गुणस्तरयुक्त बनाउन, विद्यालय र छात्राबासको निगरानी, नियमन र अनुगमन गर्न, भइरहेका अवस्थाबारे मन्त्रालयले अद्यावधिक गर्न निर्देशन दिएको छ। विद्यालय शिक्षा विधेयकलाई कसरी चाँडो टुङ्ग्याउनेभन्नेबारे पनि छलफल गरिने सभापति जोशीले जानकारी दिए। बैठकमा सांसदहरुले चितवनमा बालिका मृत्यु भएको घटना लामो समय बितिसक्दा पनि सत्यतथ्य छानबिन नभएको भन्दै सभापतिमार्फत सरकारको ध्यानाकर्षण गराएका थिए।

उनीहरुले घटनाको चाँडो छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन र भविष्यमा यस्ता किसिमका घटना हुन नदिन दीर्घकालीन उपाय अपनाउन, विद्यालय र छात्राबासको सुरक्षा तथा गुणस्तरका लागि नीतिगत सुधार गर्न पनि आग्रह गरे। बैठकमा आ-आफ्नो धारणा राख्नेमा सांसदहरु देवेन्द्र पौडेल, बद्रीप्रसाद पाण्डे, विद्या भट्टराई, तोसिमा कार्की, विनिता कुमारी सिंह, दिपा शर्मा, इश्वरी घर्ती, डा कलुराम राई, रामप्रकाश चौधरी र उर्मिला थेवे थिए।

**'शालिन पोखरेलको मृत्यु**

> शिक्षामन्त्री राईले बालिका मृत्युको घटना अत्यन्तै पीडादायी भएको भन्दै आत्महत्या र बलात्कारपछिहत्याका घटना बढिरहेकाले यसलाई न्यूनीकरण गर्न सबै सरोकारवाला निकाय गम्भीर हुनुपर्नेमा जोड दिए।

**आपराधको घटना'**

यसैबीच शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले चितवनमा बालिका मृत्यु प्रकरणबारे सरकारले गृहमन्त्रालयअन्तर्गत मातहतका निकायले छानबिन गरिरहेको जानकारी पाएको भन्दै उक्त अपराधिक घटनाको छानबिन गरी दोषीलाई कडा कारबाही गरिनुपर्ने माग गरे।

"दुःखद घटना सरकारको जानकारीमा आइसकेको छ। यसबारे गम्भीर रुपमा छानबिन भइरहेको छ। बालिका मृत्यु प्रकरण अपराधको घटना हो", समितिको बैठकमा मन्त्री राईले भने, "घटनाको कडाइका साथ अध्ययन अनुसन्धान गरिनुपर्छ। हत्या वा आत्महत्या भए पनि दुरुत्साहनको अवस्थामा पुऱ्याउने परिस्थितिबारे अनुसन्धान जरुरी छ।" उनले छात्राबास निर्देशिकाको कडाइका साथ पालना गर्ने, विद्यालय तथा छात्राबासको प्रभावकारी अनुगमन र नियमन गर्नुपर्नेमा जोड दिए।

शिक्षामन्त्री राईले बालिका मृत्युको घटना अत्यन्तै पीडादायी भएको भन्दै आत्महत्या र बलात्कारपछि हत्याका घटना बढिरहेकाले यसलाई न्यूनीकरण गर्न सबै सरोकारवाला निकाय गम्भीर हुनुपर्नेमा जोड दिए। मन्त्री राईले त्रिवि सेवा आयोगको रिक्त सदस्य मनोनयनका निम्ति उपकुलपतिलाई सिफारिस गर्ने विश्वास व्यक्त गरे। उनले बालगृहको सुधार र अनुगमनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग समन्वय गरेर प्रभावकारी काम अगाडि बढाइने जानकारी दिए।

**शिक्षा विधेयकमाथि छलफल**

समितिको आइतबारको बैठकमा विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका सम्बन्धमा छलफल प्रारम्भ भएको छ। उक्त विधेयकमाथि संशोधन राख्ने सांसदको न्यून उपस्थितिले आइतबार पूर्ण छलफल हुन सकेन।

संशोधनकर्ता अमरबहादुर थापाले शिक्षालाई गुणस्तरीय बनाएर मुलुकको विकाससँग जोडिनुपर्ने धारणा राखे। उनले विद्यालय शिक्षादेखि विश्वविद्यालयसम्मको शिक्षालाई गुणस्तरीय,समयसापेक्षररोजगारमैत्री बनाइनुपर्ने खाँचो औँल्याए। एकसय ६३ दफा रहेको उक्त विधेयकमा एक हजार सात सय ५८ संशोधन परेको समितिले जनाएको छ।

# मिथिला महाकुम्भ र महाशिवरात्रिको चहलपहल

महोत्तरी। मधेसका महोत्तरीसहितका प्राचीन मिथिला क्षेत्रमा मिथिला महाकुम्भ र महाशिवरात्रि पर्वको चहलपहल बढेको छ। महाशिवरात्रि र १५ दिन मिथिलाका विभिन्न तीर्थस्थल घुम्दै फन्को लगाइने महाकुम्भ नजिकिँदै गर्दा यहाँ यी पर्वको तयारीसँगै चहलपहल बढेको हो।

यसपटक आगामी शुक्रबार महाशिवरात्रि मनाएसँगै त्यसको दुई दिनपछि महाकुम्भ भनिने मिथिला माध्यमिकी परिक्रमा यात्रा सुरु हुन्छ। महाशिवरात्रि मिथिलामा भक्ति, निष्ठा र मेलाउत्सवको पर्व रहँदै आएको छ। पर्वका अवसरमा शिवालयमा आयोजना हुने महाशिवरात्रि मेला हेर्न जाने खर्चको जोहोमा मैथिल (मिथिलाका बासिन्दा) केही दिन पहिले नै लाग्दछन्।

महोत्तरीका प्रसिद्ध शिवालय जलेश्वरनाथ, टुटेश्वरनाथ, मङ्गलनाथ र सिद्धनाथसहितका ठाउँमा पुरातनकालदेखि नै तीनदिने मेला उत्सव आयोजना हुँदै आएको छ। अहिले प्रत्येकजसो शिवालय परिसरमा मन्दिरको रङरोगन र मेला व्यवस्थापनको तयारी भइरहँदा यहाँका गरिब परिवारका व्यक्ति बेलपत्र, भान्टाभार, धतुरो र फूलपाती बेचेर केही आर्जन गर्नमा जुटेका छन्।

बेलपत्र, धतुरो र फूलपाती पुँजी बेगरै खोजमेल गर्न सकिने तथार भान्टा पनि सुलभ मूल्यमै पाइने र भार बनाएर बेच्दा मनमाफिकको दाम पाइने विगत अनुभवले गरिबलाई यो पर्व पर्खाइमा रहने गरेको हो। "पछिल्ला आठ/नौ वर्षदेखि बेलपत्र र भान्टाको भार मेरो गुजारामा सहयोगी बन्दै आएको छ, भङ्गाहा-५ सिद्धपुरस्थित सिद्धनाथ महादेव मन्दिर परिसरमा शिवरात्रिका बेला बेलपत्र र भान्टा भार बेचेर पाएको आम्दानीले घरगुजारामा नगद खर्चको जोहो हुँदै आएको छ", भङ्गाहा-४ पलारकी सियानकीदेवी बाँतर भन्नुहुन्छ।

पर्वअघि गरिब बस्तीका किशोरकिशोरी नजिकका वनक्षेत्रमा बेलपत्र, धतुरो र पाती खोज्न निस्कने गरेका छन्। यस्तै भान्टा उत्पादन गरेका गरिब किसान 'भार' बनाउने बाँसको कप्टेरा चिर्न व्यस्त देखिन्छन्। एउटा भारमा दुई भान्टा लाग्ने र पर्वको दिन मन्दिरअघि पुऱ्याएपछि भाकलवालाले राम्रो मूल्य दिएर लैजाने गरेका लोहारपट्टी-९ पीपराढीकी शिलवती देवीको विगत अनुभव छ।

आम मैथिललाई पर्वविशेषमा हुने उत्सव र गरिबलाई केही आर्जन हुने विश्वासले महाशिवरात्रि पर्वको चाह हुने गरेको लोहारपट्टी-६ का सामाजिक कार्यकर्ता ७५ वर्षीय चन्देश्वर मण्डल बताउनुहुन्छ। महाशिवरात्रिमा व्रत उपवास रही शिवजीलाई भान्टाको भार चढाए चर्मरोग निको हुने मैथिल जनविश्वास छ। खासमा शिवालयमा चर्मरोगबाट छुटकारा पाउँ भन्ने पुकार गरेका भक्तजनले 'भार' चढाउने भाकल गर्छन्।

हिन्दू मैथिल परम्परामा शिव आराधनाले चाँडै प्रशन्न हुने इष्टदेव मानिन्छन्। महाशिवरात्रिमा भक्तजनले गर्ने सम्झना र उपासनाबाट खुसी भएर मनले चाहेको फल दिने मैथिल विश्वास गर्छन्। यसैले महाशिवरात्रि पर्व मिथिलामा खास रहँदै आएको पाका मैथिलको भनाइ छ। अहिले यो पर्व नजिकिनसँगै दुई दिनपछि नै मिथिला माध्यमिकी परिक्रमा सुरु हुने भएपछि यहाँ यी दुवै पर्व परम्पराको तयारीले चहलपहल बढाएको हो।



महाशिवरात्रि पर्वका लागि महोत्तरीका शिवालयमा अहिले उत्सवको तयारी छ। जिल्लाको बर्दिबास नगरपालिका-५ टुटेश्वर स्थित श्रीटुटेश्वरनाथ, भङ्गाहानगरपालिका-५ स्थित श्रीसिद्धनाथ, सोनमा गाउँपालिकाको मगरथानास्थित श्रीमङ्गलनाथ, सम्सी गाउँपालिकाको गेढाभेटपुरस्थित श्री धष्नेश्वर र जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका-१ स्थित श्री जलेश्वरनाथ महादेव मन्दिरमा पर्वको तयारी अघि बढेको हो। मिथिलामा फागुन कृष्ण द्वादशीदेखि चतुर्दशीसम्म महाशिवरात्रि मेला आयोजन गरिने परम्परा छ।

> मिथिलामा महाशिवरात्रि पर्व सम्पन्न गरिएलगत्तै दुई दिनपछि सुरु हुने फागुन शुक्लपक्षभरिको मिथिला माध्यमिकी परिक्रमालाई अलौकिक यात्रा मानिन्छ। फागुन औँशीकै दिन प्रारम्भ भएर फागुन शुक्लपक्षभरि हुने मिथिला माध्यमिकी परिक्रमामा महोत्तरी, धनुषा र छिमेकी मित्रराष्ट्र भारतको मधुवनी जिल्लासहितमा एक सय ३३ किलोमिटर वृत्तभित्र १५ ठाउँमा रात्रिबास गरेर रामसीताका भजन गाउँदै मिथिला माध्यमिकी परिक्रमा सम्पन्न गरिने पुरानो परम्परा रहँदै आएको छ।

जलेश्वर-१ स्थित श्रीजलेश्वरनाथ महादेव जलभित्र समाधि लगाएर विराजमान शिवलिङ्ग आदिकालमा भगवान् शङ्कर आफैँले स्थापित गर्नुभएको विश्वास गरिन्छ। 'जलेश्वरो महालिङ्गो स्थापितं श्रीशिवं स्वयं' शिवपुराणमा वर्णित यो पङ्क्तिले नै श्री जलेश्वरनाथ अनादिकालमै स्थापना भएको शिवलिङ्ग मानिएको जलेश्वर-५ का बासिन्दा पूर्वीय दर्शन तथा साहित्यका अध्येता एवं मिथिला माहात्म्यका नेपाली अनुवादक ध्रुव राय बताउनुहुन्छ। मिथिलामा महाशिवरात्रि र मिथिला महाकुम्भ (माध्यमिकी परिक्रमा) बारे मिथिला माहात्म्यमा वर्णन छ।

यसैगरी चुरे पर्वत श्रेणीको थुम्कोमा अवस्थित श्री टुटेश्वरनाथ, रातु र बडहरी नदीको सङ्गमस्थित श्री सिद्धनाथ तथा श्री मङ्गलनाथ पनि अनादिकालमा स्थापित शिवलिङ्ग रहेका यहाँ विश्वास गरिन्छ। यसका अतिरिक्त बर्दिबास-३ राईमण्डल धार्मिक क्षेत्र अवस्थित श्री इन्द्रेश्वर महादेवको शिवलिङ्ग अघि सत्ययुगमा स्वर्गका राजा इन्द्रले दानवसँगको युद्धमा विजयी बन्ने वरदानका लागि श्री शिवको तपस्या गरेका स्थान मानिन्छ। यी मान्यता र विश्वासले यहाँ महाशिवरात्रि मेला उत्सव खास हुने गरेको छ। बेलपत्र, जल र धतुराको फूलमात्रले भगवान् शङ्कर प्रशन्न हुनुहुने जलेश्वर-१ का सुधीर साह बताउनुहुन्छ।

मिथिलामा महाशिवरात्रि पर्व सम्पन्न गरिएलगत्तै दुई दिनपछि सुरु हुने फागुन शुक्लपक्षभरिको मिथिला माध्यमिकी परिक्रमालाई अलौकिक यात्रा मानिन्छ। फागुन औँशीकै दिन प्रारम्भ भएर फागुन शुक्लपक्षभरि हुने मिथिला माध्यमिकी परिक्रमामा महोत्तरी, धनुषा र छिमेकी मित्रराष्ट्र भारतको मधुवनी जिल्लासहितमा एक सय ३३ किलोमिटर वृत्तभित्र १५ ठाउँमा रात्रिबास गरेर रामसीताका भजन गाउँदै मिथिला माध्यमिकी परिक्रमा सम्पन्न गरिने पुरानो परम्परा रहँदै आएको छ।


मिथिला माध्यमिकी परिक्रमाका चार सुरमा भगवान शङ्कर विराजमान रहेर यात्रीहरुको रेखदेख हुने गरेको मैथिल विश्वास गर्छन्। परिक्रमा क्षेत्र चारसुरमा पूर्वतर्फ भगवान् सदाशिव कल्याणेश्वर, पश्चिममा जलेश्वरनाथ, उत्तरमा क्षिरेश्वरनाथ र दक्षिणमा सतोखरनाथबाट संरक्षित रहेको मटिहानीस्थित श्री लक्ष्मीनारायण मठका सन्त रवीन्द्र दास वैष्णवको भनाइ छ।

अवधकिशोर (श्रीराम) र किशोरीजी (सीताजी) का प्रतिमा राखिएका डोला अघि लगाएर १५ दिन मिथिलाक्षेत्रभित्रका तीर्थस्थलको दर्शन गर्दै नाङ्गा खुट्टाले पैदल हिँडेर गरिने यो यात्रा मिथिलाको महाकुम्भ भनिन्छ। फागुन पूर्णिमाका दिन यो यात्रा सम्पन्न गरेसँगै होलिका दहनको धुरा उडाएर, होलिका राक्षसीको आकृति डढाएर त्यसको खरानी उडाइने चलन छ। त्यसको भोलिपल्ट हिन्दू धर्मावलम्बीले फागु अर्थात् होली पर्व मनाउँदै आएका छन्।

मिथिला माध्यमिकी परिक्रमामा महोत्तरीका मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड र कञ्चनवनसहित पाँच रात्री विश्रामस्थल रहँदै आएका छन्। त्यसैगरी धनुषामा छ रात्री विश्राम र भारतको मधुवनी जिल्लामा चार रात्रि विश्रामको परम्परा रहँदै आएको छ।

नेपाल र भारतका हजारौँ साधुसन्त सहभागी हुने यो मिथिलाको महाकुम्भमा परिक्रमाका यात्रीको बासस्थान, प्राथमिक उपचार, भोजन र आपतकालीन सेवाका लागि रात्रि विश्रामस्थल रहेका ठाउँमा मठमन्दिर व्यवस्थापन, सामाजिक सङ्घसंस्था, स्थानीय तह र व्यक्तिले स्वेच्छिक प्रबन्ध गर्ने गरेका छन्। माध्यमिकी परिक्रमाको संयोजन पछिल्ला दुई दशकयता विभिन्न मठमन्दिर व्यवस्थापनको समन्वयमा बृहत्तर जनकपुर क्षेत्र विकास कोष (परिषद्) ले गर्दै आएको छ।

मिथिलामा महाशिवरात्रि, मिथिला माध्यमिकी परिक्रमा र होरी (फागु) अन्तरसम्बन्धित मानिन्छन्। महाशिवरात्रि सम्पन्न गरिएसँगै सुरु हुने मिथिला माध्यमिकी परिक्रमा र त्यसको समापनलगत्तै मनाइने होरी पर्व मैथिल संस्कृति, परम्परासँग अभिन्नरुपले जोडिएका छन्। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### लागूऔषधको तस्करी रोक

नेपाल र भारतबीचको पारम्परिक सम्बन्धलाई झल्काउने खुल्ला सीमा नाकाबाट लागूऔषध लगायतका अबैध समानहरुको तस्करी बढेको छ ।रौतहट र सर्लाही जिल्ला तस्करीको हब बनेको छ ।सिरहा र सप्तरी जिल्लापनि पछाडी छैन् ।मधेश प्रदेशमा बारा र पर्सा जिल्ला तस्करीका लागि कुख्यात नै छ । नेपालबाट भारत तर्फ रक्सी, गाँजा लगायतका लागुऔषधहरु तस्करी भएर जाने गरेको छ ।त्यसैगरि भारतबाट लागुऔषध नेपालमा तस्करी भएर आउँछ ।भारी परिमाणमा दुबै देशबीच भइरहेको लागुऔषध तस्करीले सीमा सुरक्षा व्यवस्था दुबै तर्फ कमजोर रहेको देखाउँछ ।सीमा सुरक्षालाई भरपर्दो नबनाए सम्म अबैध बस्तुहरुको तस्करी झन बढने उच्च जोखिम देखिएको छ ।लागुऔषध लगायतका अबैध समानहरुको दुबै देशबीच भइरहेको तस्करीले सर्वसधारण अत्यधिक प्रभावित छ ।यसले दुबै देशको कानुन व्यवस्थालाई समेत गिज्जयाएको छ ।नेपालसित सीमा जोडिएको भारतीय प्रान्तहरु मध्ये बिहारमा मदिरा निषेध गरिएको छ ।बिहार सरकारले मदिराको सेवन, बेचबिखन, उत्पादन लगायतमा कडा कानुन बनाएर रोकेको छ ।तर नेपालबाट बिहारमा अबैध रुपमा गइरहेको मदिराले सुरक्षा निकायहरुलाई मदिराको सेवन र तस्करी रोक्न जटिल भएको छ ।त्यसैगरि भारतबाट नेपालमा लागुऔषध भारी परिमाणमा तस्करी भएर आउने गरेको छ ।त्यसलाई नियन्त्रण गर्नपनि नेपाली सुरक्षा निकायलाई ठूलो चुनौती भएको छ ।नेपालबाट गाँजापनि भारतमा भारी परिमाणमा जाने गरेको छ ।गाँजाको बेचबिखन र सेवन नेपाल र भारत दुबै तर्फ गैरकानुनी छ ।गाँजाको उत्पादनमा नेपाल र भारतमा रोक छ ।भारतमा गाँजा खेती भएको समाचारहरु कमै मात्रामा आएपनि नेपालमा गाँजाको खेती ठूलो क्षेत्रफलमा हुने गरेको देखिन्छ ।नेपालबाट एम्बुलेन्स, ट्रक, जिप लगायतका सवारी साधनको साथै साइकल, मोटरसाइकल र पैदलपनि गाँजाको तस्करी हुने गरेको छ ।पछिल्लो पटक सुनसरी र रौतहट जिल्लामा बरामद भएको गाँजाको परिमाणले नेपालमा व्यापक गाँजा खेती भइरहेको देखाउछ ।खाद्य सामग्री, लत्ताकपडा, मेसिनरी समान, विद्युतिय समान, इलेक्ट्रोनिक्स समान लगायतको तस्करीलाई पूर्ण नियन्त्रण गर्न नसक्दा आर्थिक क्षेत्र केहि मात्रामा प्रभावित हुन सक्छ ।तर लागूऔषधको तस्करी नरोकिने हो भने दुबै देशका बालबालिका, युवाहरु कुलतमा लागेर सबै प्रकारको क्षति गर्ने छन् ।त्यसकारण सीमा क्षेत्रमा लागुऔषधको तस्करीलाई नियन्त्रण गर्न दुबै देशका सुरक्षाकर्मीहरुले इमान्दारीपूर्वक लाग्नु आवश्यक छ ।

# ज्ञानकूप: पहिले विद्यार्थी खोज्नुपर्थ्यो, अहिले विद्यार्थीले खोज्छन्

**टिकाराम सुनार**

धनुषाको जनकपुरधाम-८ स्थित श्री यज्ञवल्क्य संस्कृत मावि (ज्ञानकूप)ले एक शताब्दीभन्दा बढी अर्थात् एक सय १३ वर्षदेखि यस क्षेत्रमा संस्कृत शिक्षा प्रदान गरिरहेको छ । मधेस प्रदेशमै संस्कृत महाविद्यालयको रूपमा स्थापित ज्ञानकूपमा सशस्त्र द्वन्द्वका बेला भने पठनपाठन करिब ठप्प भयो ।

ऐतिहासिक महत्वको यो विद्यालय फेरि पुरानै अवस्थामा फर्किएला भनेर धेरैले अनुमान गरेका थिएनन् तर सशस्त्र द्वन्द्व सकिएको केही वर्षमै विद्यालयले पुरानै लक्ष्यका साथ पठनपाठन सुरु गर्यो । "द्वन्द्वले संस्कृत शिक्षा सङ्कटमा थियो । धेरै जना संस्कृत पढ्नसमेत डराउँथे । त्यसैले विसं २०६६ मा फेरि पठनपाठन सुरु गर्दा घरघर गएर खोज्दा पनि करिब २५-२६ जना विद्यार्थीमात्रै पाएका थियौँ । सबैको मेहनतका कारण हरेक वर्ष विद्यार्थी थपिँदै गए । अहिले हामीले विद्यार्थी खोज्न जानु नपर्ने अवस्था बनाएका छौँ", प्रधानाध्यापक सञ्जयकुमार झाले भन्नुभयो ।

उहाँले सशस्त्र द्वन्द्वका कारण निशानामा परेको संस्कृत शिक्षा प्रदान गर्ने विद्यालयमा काम गर्नु पनि चुनौतीपूर्ण अवस्थामा विद्यालय व्यवस्थापन समिति र शिक्षक कर्मचारीले हिम्मत गरेर पुरानै साख फर्काउन थालेको अभियानले २०७३ सालपछि मात्रै सार्थकता पाउन थालेको स्मरण गर्नुभयो । "ऋषि यज्ञवल्क्यको पालादेखि चलेको हाम्रो विद्यालयलाई संस्कृत शिक्षाको हबमात्रै होइन, आधुनिक प्राविधिक शिक्षासँग पनि जोड्नुपर्छ भनेर २०७३ सालमा प्राविधिक विषय पनि सुरु गर्यौँ । त्यसो गर्दा पनि एक सय २३ विद्यार्थीमात्रै हामीसँग थिए", झाले भन्नुभयो, "तर अविचलितरूपमा गुणस्तरीय शिक्षा दिन सबै जिम्मेवार भएर लाग्यौँ । हाम्रो लगाव, अभिभावक र अरु सम्बद्ध निकायको सद्भावले त्यो सङ्ख्या अहिले दुई हजार पाँच सय पुगेको छ ।"

विसं १९६६ मा याज्ञवल्क्य संस्कृत प्रधान पाठशालाबाट औपचारिकरूपमा कर्मकाण्डी शिक्षा (संस्कृत) दिन थालेको सो विद्यालयले यस दौरान थुप्रै सिद्धहस्त संस्कृत भाषाविद्हरू जन्माएको छ । ज्ञानकूपको नामले परिचित यस विद्यालयले संस्कृत शिक्षा पठनपाठनको संस्कृति नै ओझेलमा परिरहेको समयमा नयाँ पुस्तामा 'संस्कृत ज्ञान' को दीप जलाउन निरन्तर 'ज्ञानकूप'को काम गरिहेको सहायक प्रधानाध्यापक सोमनाथ भट्टराई बताउनुहुन्छ । "मैले यस विद्यालयमा २०७१ सालमा अध्यापन सुरु गर्दा ७५-७६ जना विद्यार्थी थिए । पछि वैदिक शिक्षालाई प्रविधिसँग जोड्ने उद्देश्यले २०७३ सालमा प्राविधिक विषय (कम्प्युटर) थप्यौँ । त्यो सन्देश घरघरमा गएर भन्यौँ, त्यसपछि भने विद्यार्थी सङ्ख्या निरन्तर बढ्दो क्रममा छ", भट्टराईले भन्नुभयो ।

अहिले कक्षा १ देखि ५ सम्म एक सय अङ्कको संस्कृत, ६ देखि ८ कक्षासम्म भाषा र व्याकरण गरी दुई सय पूर्णाङ्क तथा ९ देखि १२ कक्षासम्म प्राविधिक, संस्कृत र साधारण शिक्षाको सुविधा रहेको उहाँले बताउनुभयो । त्रेतायुगमा जनकपुत्री सीताले शिक्षा-दीक्षा लिएको र यहीँ बसेर याज्ञवल्क्यले शुक्लयजुर्वेदको मध्यन्दिनीय शाखा लेखेको भनिने यस ऐतिहासिक विद्यालयमा अहिले ६५ विद्यार्थी आवासीयरूपमा र समग्रमा साढे चौबीस सयभन्दा बढी विद्यार्थी पढिरहेका छन् ।

**विद्यालयको ऐतिहासिकता**

जनकपुर प्राचीनकालदेखि नै वैद्धिक दर्शन र आर्यचिन्तन परम्पराको केन्द्रका रूपमा रहँदै आएको छ । यहाँ यज्ञबल्क्य, मैत्रैयी, गार्गी, अष्टावक्रलगायत ऋषिमुनि, विद्वान् तथा विदुषीहरूको ध्यान, साधना,



कर्मकाण्ड परम्परादेखि चलिरहेकै छ । त्यसैले त अध्ययन-अध्यापनका साथै ग्रन्थप्रणयनजस्ता कार्यहरू पनि यहाँ निरन्तर भइरहेको विभिन्न समयमा सुरु भएका गुरुकुल तथा विद्यालय परिसरमा अवस्थित ज्ञानकूप, विद्याकूप र शातानन्दकूपका अवशेषले त्यही प्राचीन परम्परालाई स्मरण गराउने गरेको जानकारहरू बताउँछन् ।

अध्ययन-अध्यापनको त्यही गुरुकुल परम्पराको केन्द्र जनकपुरमा १९९६ सालमा सरकारी तबरबाट संस्कृत पाठशालाको स्थापना गरिएको विद्यालयका प्रधानाध्यापक झाले जानकारी दिनुभयो । उपलब्ध विवरणअनुसार त्यसअघि १८८५ वैशाख अक्षय तृतीयामा कर्मकाण्ड शिक्षालयका रूपमा लक्ष्मण मन्दिरको प्राङ्गणबाट पठनपाठन सुरु भएको थियो । पछि १९१० सालमा राममन्दिरको झुलाघर र १९६० सालमा यी सबैलाई एकीकरण गरी श्रीराम मन्दिर र जानकी मन्दिरको उत्तरपश्चिम भागमा एउटा फुसको आश्रममा विद्यालय स्थापना गरी वेद, व्याकरण, न्याय, ज्योतिष आदि विषयको पठनपाठन प्रारम्भ गरेको इतिहास भेटिन्छ ।

तत्कालीन मालपोत विभागअन्तर्गतको संस्कृत बन्दोबस्त नागरिक फाँटबाट १९६६ वैशाखदेखि 'राजकीय संस्कृत प्रधान पाठशाला'को नाममा वैधानिकता पाएको र त्यहीबेला व्याकरण, ज्योतिष र साहित्य गरी तीन विषयको स्वीकृति पाएको विद्यालयद्वारा प्रकाशित शताब्दी स्मारिका-२०६९ मा उल्लेख छ । यसबीचमा विसं १९७३ मा वेदवेदाङ्ग पाठशाला, १९९० वैशाख शुक्ल अक्षय तृतीयका दिन भारतको चित्रकुटबाट आएका साधु मौनीबाबाले मौनीय संस्कृत महाविश्वविद्यालय स्थापना गरेको र मौनीबाबाको प्रयासमा तत्कालीन प्रधानमन्त्री पद्मशम्शेरको समेत सहयोग रहेको त्यहाँ उल्लेख छ ।

"मौनिबाबाले तत्कालीन प्रधानमन्त्री पद्मशम्शेर तथा स्थानीय दातासँगको सहयोगमा विद्यालय निर्माणका लागि तीन बिघा सात कट्ठा १० धुर तथा सञ्चालन खर्चका लागि झण्डै ५१ बिघा जग्गा भिक्षाटनबाट प्राप्त गरेका र ६५ विद्यार्थीको पठनपाठन, आवासीय खर्च पूर्ति गर्ने शर्तमा त्यो सबै सम्पत्ति २००५ सालमा गुठी संस्थानमा सुम्पिनुभयो", स्मारिकामा उल्लेख छ, "पछि १९६० सालमा एकीकृत गुरुकुल र सन् १९६६ मा वैधानिकता प्राप्त राजकीय संस्कृत प्रधान पाठशालालाई २००५ सालमा र २००८ सालमा वेदवेदाङ्ग पाठशालालाई समेत ज्ञानकूपमै समावेश गरेर बनेको त्रिगङ्गाको संयुक्त रूप यो विद्यालय हो ।"

ती सबै संस्कृत पाठशालाको एकीकृत रुप मानिएको यो विद्यालय २०२४ सालमा याज्ञवल्क्य संस्कृत महाविद्यालयका रुपमा स्थापित भएको हो । विसं २०२० बाट त्रिभुवन विश्वविद्यालयबाट परीक्षा सञ्चालन हुनुअघि यहाँ भारतका विहार संस्कृत समिति र कामेश्वर संस्कृत विश्वविद्यालयसँग मिलेर परीक्षा हुने गरेको थियो । विसं २०३० मा महाविद्यालय स्थान्तरित भएर महोत्तरीको मटिहानीमा लगियो तर राजनीतिक व्यवस्था परिवर्तनपछि फेरि २०४७ सालमा यसै विद्यालयमा हजारी जनक विद्यापीठ स्थापना भयो ।

संस्कृतका जानकार एवं जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवका अनुसार याज्ञवल्क्य माता जानकी प्रादुर्भावभन्दा धेरै पूर्वका जनक राजाहरूका शिक्षादीक्षाका गुरु र विद्वतसभाका प्रमुख हुनुहुन्थ्यो । तिनै यज्ञवल्क्यले वेद शिक्षा त्यागेर हिँडेपछि दूधमति नदी किनारको किनार अर्थात् ज्ञानकूप क्षेत्रमा उपसना गरी यजुर्वेद प्राप्त गरेको पनि किंवदन्ती छ । "यो विद्यालय तिनै याज्ञवल्क्यजस्ता सिद्धहस्त विद्वानहरूले साधना गरेको स्थल हो । पहिले नितान्त वैदिक कर्मकाण्डी शिक्षा दिने गरिएकामा अहिले त्यो शिक्षा नाममात्रको छ । त्यो गरिमा राख्न सकिएको छैन । त्यसतर्फ कसैको ध्यान छैन", महन्थ दासले भन्नुभयो, "त्यो मात्रै होइन, वैदिक धर्मसँग जोडिएका सबै पक्ष कमजोर हुँदै गएका छन् । यसमा ध्यान दिइनुपर्छ ।"

**विद्यार्थीको चाप**

विद्यालयमा अहिले करिब दुई हजार पाँच सय विद्यार्थी छन् । अबको केही वर्षमै त्यो सङ्ख्या पाँच हजार पुर्याउने लक्ष्यसहित काम भइरहेको छ । यहाँ कक्षा ९ देखि १२ सम्म प्राविधिक, संस्कृत र साधारण गरी तीन सङ्कायमा पठनपाठन भइरहेको छ । प्राविधिकतर्फ कम्प्युटर र साधारणतर्फ व्यवस्थापन तथा विज्ञान सङ्कायको पठनपाठन हुने गरेको छ तर त्यसका लागि आवश्यक भौतिक पूर्वाधार, कक्षाकोठा, शिक्षक-शिक्षिका र लगानीको अभाव रहेको उहाँको भनाइ छ ।

प्रधानाध्यापक झाले कक्षा ६ देखि १० सम्म एक सय विद्यार्थी हुँदाको दरबन्दी र वेदविद्यातर्फ १९६६ सालकै दरबन्दीअनुसार पढाउनु परेकाले धेरै समस्या भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "जम्मा निजी स्रोत, काजसहितका ३२ जना शिक्षक-शिक्षिका छौँ । विद्यार्थीको चाप बढेपछि बिहान र दिउँसो गरी दुई चरणमा अध्ययन-अध्यापन भइरहेको छ । पाँच वर्षदेखि नमूना विद्यालय भएपछि त झन् भौतिक पूर्वाधारमा सहयोग नहुँदा समस्यामा छौँ ।"

**कर्मकाण्डी शिक्षामा जातीय आरक्षण**

यस विद्यालयमा साधारण र प्राविधिकतर्फ सबैका लागि खुला छ तर आवासीय कर्मकाण्डी शिक्षा पढ्ने ६५ सिटमा भने जातीय आरक्षण छ । यहाँ ब्राह्मणबाहेक अहिलेसम्म अन्य जातिलाई पढ्न बर्जित छ । सुरुदेखि गुठी संस्थानले ५४ र ब्रह्मचारीले दिने नौ गरी ६५ जनालाई भोजनवृत्तिसहित आवासीय सुविधा दिइरहेको छ ।

गुठी संस्थान जनकपुरधामका प्रमुख आनन्द कर्मचार्यले संस्थानले कुनै जातिलाई पढाउनु वा नपढाउनु भनेर छात्रवृत्ति दिने नगरेको बताउनुभयो । "आवासीयरूपमा कर्मकाण्डी शिक्षा दिने कार्यको सहजताका लागि संस्थानले स्थापनाकालदेखि नै छात्रवृत्ति दिइरहेको हो । हामीले समग्रमा दिने हो । कसलाई पढाउने वा नपढाउने विषय विद्यालयको क्षेत्राधिकारको विषय हो", कर्माचार्यले भन्नुभयो ।

# नेपाली चलचित्रको बलियो बजार बन्दै अष्ट्रेलिया

**भेषराज कार्की**

पछिल्लो समय नेपाली चलचित्रको बजार विदेशमा बलियो बनिरहेको छ । विदेशी बजारबाटै लगानी उठाउने मात्र नभई मुनाफा पनि प्राप्त गर्ने चलचित्रको सङ्ख्या पनि छ । नेपालका राम्रा र प्रतिष्ठित समूहले निर्माण गरेका चलचित्रको बजार नेपालपछि अष्ट्रेलिया बन्दै गएको छ ।

त्यहाँका प्रायः सहरमा नेपालमै प्रदर्शन भएको मितिमा प्रवासमा रहेका नेपालीले चलचित्र हेर्न पाउँछन् । नेपाली माटोको सुन्दरता र मौलिकता चलचित्रमार्फत देखाउने प्रयासमा चलचित्रकर्मी छन् । दर्शकले त्यस्ता चलचित्रलाई रोजेका छन् । यसले नेपाली निर्मातालाई मुनाफा दिनुका साथै बजार विस्तारमा टेवा पुर्याइरहेको छ ।

यो सम्पूर्ण प्रविधिको सहायताले सम्भव भएको हो । कुनै समय रेस्टुराँ वा सामुदायिक भवनमा प्रदर्शन हुने ती चलचित्र अहिले चलचित्र भवन (हल) मै प्रदर्शन हुँदा दर्शकको आकर्षण झनै बढेको छ । दर्शकले विदेशी चलचित्र झैँ गुणस्तरीय रुपमा चलचित्र हेर्न पाएपछि अहिले नेपाल झैँ अष्ट्रेलियामा पनि लगभग हरेक हप्ता नयाँ चलचित्र प्रदर्शन हुने गरेको छ ।

अहिले चलचित्र निर्माण, छायाङ्कनदेखि प्रदर्शनसम्म डिजिटल प्रविधिबाट हुने गरेको छ । डिजिटल प्रविधि भित्रिएपछि चलचित्र निर्माण सहज, व्यवस्थित र व्यावसायिक भएको निर्देशक, निर्माताको भनाइ छ । डिजिटल प्रविधिले एउटै समयमा देशभर चलचित्र प्रदर्शन गर्नसक्ने गरी नयाँ युगमा प्रवेश गरेको हो ।

अहिले नेपाल मात्र नभई विश्वभर एकसाथ चलचित्र प्रदर्शन हुन थालेको छ । नेपालमै सम्पूर्ण प्रविधिमा 'इनकोडिङ' हुने चलचित्रलाई विश्वभर प्रदर्शन गर्न थालिएको डिजिटल सिनेमा नेपालका कार्यकारी निर्देशक अशोक शर्माले बताउनुभयो । "डिजिटल सिनेमा इनिसेटिभ (डिसिआइ) ढाँचामा रहेका चलचित्र विश्वभर अन्य सर्भरमा समेत प्रदर्शन गर्न सकिन्छ । हामीले महापुरुष, छक्का पञ्जा ४ र जारीजस्ता चलचित्र यहीँ इनकोडिङ गरेर विश्वभर प्रदर्शन गर्यौँ । यसले पाइरेसीको समस्यासँगै चलचित्र विदेश पुर्याउने झन्झट पनि हटायो", उहाँले भन्नुभयो ।

उक्त प्रविधि नहुँदा निर्माता, निर्देशक स्वयम् चलचित्र बोकेर त्यहाँ प्रदर्शनका लागि पुग्नुपर्थ्यो । त्यसमा जोखिम अधिक थियो । तर, अहिले नेपालमै फाइल राखेर विश्वभर चलचित्र प्रदर्शन हुने गरेका छन् । निर्मातासँगै कलाकारसमेत रहनु भएका रवीन्द्रसिंह बानियाँलाई व्यक्तिगत रूपमा रेस्टुरेन्ट, सामुदायिक भवनमा चलचित्र देखाइएको अनुभवसमेत छ । उहाँ निर्मित 'टल्क जङ्ग भर्सेस टुल्के' नेपालबाहेक अन्य धेरै देशमा प्रदर्शन भएको थियो । त्यो समयमा विदेश प्रदर्शनभन्दा पनि भिसिडी अधिकारी बिक्री गर्ने प्रचलन थियो ।

खुलारूपमा प्रदर्शन गर्दा पाइरेसीको जोखिम उत्तिकै हुन्थ्यो । तर अहिले विदेशी बजारमा चलचित्र भवनमै हुने प्रदर्शनले नेपाली निर्मातालाई पाइरेसीको समस्याबाट छुटकारा दिलाउन सफल भएको निर्माता बानियाँले बताउनुभयो । "नेपाली चलचित्रको अन्तरराष्ट्रिय बजार बढाउन हामी चलचित्रकर्मी पनि उत्तिकै सजग र जिम्मेवार हुनुपर्छ । अहिले हाम्रो उद्देश्य मुनाफाभन्दा पनि राम्रोसँग प्रदर्शन गर्ने हुनुपर्छ । बढिरहेको बजारले हामीलाई ठूलो फाइदा दिनेछ", निर्माता बानियाँले भन्नुभयो ।

उहाँले पहिलो चलचित्रदेखि विदेशी बजारलाई प्राथमिकतामा राखेर गतिविधि गरिरहनुभएको छ । पछिल्लो चलचित्र 'महाजात्रा' सम्म आइपुग्दा उहाँ स्थापितसँगै नयाँ बजार पनि खोज्नु प्रयासरत हुनुहुन्छ । "अहिले चलचित्रका लागि





नेपालपछि अष्ट्रेलिया राम्रो बजार देखिएको छ । अन्य देशमा पनि प्रदर्शन हुन्छन्, तर हामीले नयाँ बजार खोज्न वितरकसँग सहकार्य गरेर प्रयास गरिरहेका छौँ । त्यसले दीर्घकालीन रुपमा हामी सबैलाई फाइदा पुर्याउनुका साथै देशको कला, संस्कृतिलाई पनि विस्तार गर्छ", उहाँले भन्नुभयो ।

अष्ट्रेलियामा नेपालीको बसोबास बढेसँगै चलचित्रसम्बन्धी गतिविधि बढेको हो । त्यसैले अहिले नेपाली चलचित्रकर्मी अष्ट्रेलिया लक्षित गतिविधिलाई बढाउने गरेका छन् । केही चलचित्रको छायाङ्कन नै त्यहीँ गर्ने घोषणा गरिएको छ भने केहीमा त्यहाँ रहेका प्रवासी नेपालीले लगानी गरेका छन् । यसका साथै नेपाली चाडपर्वमा गीत सङ्गीतसम्बन्धी कार्यक्रम पनि उत्तिकै हुने गरेको छ । यस्तै विविध कारणले त्यहाँ कलात्मक गतिविधि बढेको छ ।

केही वर्षदेखि अष्ट्रेलियामा नेपाली चलचित्रको वितरणमा सक्रिय देखि नुभएका वितरक एमएसएम इन्टरटेन्मेन्ट्सका सञ्चालक छत्र थापाले व्यावसायिक रुपमा नेपाली चलचित्रको लागि आकर्षक बजार बनिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो,"नेपालका केही चलचित्र छायाङ्कन नहुँदै यहाँ प्रदर्शन गर्ने अधिकार हामीले खरिद गरिसकेका हुन्छौँ । यो दर्शककै मागका कारण भएको हो । ती निर्माण समूहका पछिल्ला चलचित्रले यहाँ गरेको व्यापारका आधारमा विदेश प्रदर्शन अधिकार खरिद गर्ने गरेका छौँ ।"

अन्तर्राष्ट्रिय बजारमा 'छक्का पञ्जा', 'कबड्डी', 'जात्रा' लगायत समूहले निर्माण गर्ने चलचित्र निर्माणपूर्व नै बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो । यद्यपि, चलचित्रको बजार बढेसँगै बलियो बनाउने चुनौतीसमेत रहेको छ । प्रवासी नेपालीले समय निकालेर चलचित्र भवन पुगेको चलचित्र मन नपर्दा त्यसको असर आउँदो केही चलचित्रलाई पर्ने गरेको छ । 'रीमै', 'पुजार सार्की', 'घर ज्वाइँ', 'महाजात्रा' जस्ता चलचित्रको विश्व प्रदर्शन अधिकार खरिद गरेको जानकारी दिँदै उहाँले बजार विस्तारसँगै टिकाई राख्नु चुनौती रहेको बताउनुभयो ।

"यहाँ एउटा चलचित्रको राम्रोसँग प्रदर्शन हुन दुई महिनाको समय चाहिन्छ । त्यो हिसाबमा एक वर्षमा छदेखि सात चलचित्र भए राम्रो हुन्छ । त्यस्तो हुन नसके बजारलाई असर गर्न सक्छ", वितरक थापाले भन्नुभयो, "हामीले नयाँ बजार खोज्नु जरुरी छ । अहिले भइरहेको बजार अवस्थामा चलचित्र प्रदर्शन भइरहेका छन् ।"

नेपाली बसोबास गर्ने विश्वका हरेक देशमा दर्शक बढिरहेका छन् । ओभर दी टप (ओटिटी) मा नेपाली चलचित्र पर्याप्त नहुँदा ती युट्युबकै भर परिरहेका छन् । जसलाई पहिलो दर्शक बनाउन चलचित्र भवनमै प्रदर्शन गर्नु उपयुक्त हुन्छ । यद्यपि, अहिले बढिरहेको प्रदर्शन सङ्ख्याले दर्शक टिकाई राख्न चुनौती समेत थपेको छ । पछिल्लो समय अन्तर्राष्ट्रिय बजारले थेग्न नसक्ने गरी नै चलचित्रहरू प्रदर्शन भइरहेका छन् ।

अष्ट्रेलियामा चलचित्र प्रदर्शनसँगै निर्माणको अनुभव सङ्गाल्नु भएका वितरक करण श्रेष्ठले हरेक हप्ता नेपाली चलचित्र प्रदर्शन हुनु सुखद पक्ष हुनुका साथै चुनौती थपिएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाली चलचित्र धेरै सङ्ख्यामा पुग्नु हाम्रो लागि सुखद पक्ष हो । तर, दर्शकको माग भन्दा पूर्ति बढी हुँदा त्यसले समस्या पनि निम्त्याउन सक्छ । त्यसैले हामीसँग भएको बजारलाई बलियो बनाएर विस्तारमा निर्माता र वितरकले ध्यान दिनु जरुरी छ ।"

पछिल्लो समय नेपाली चलचित्रको बजार अष्ट्रेलियापछि संयुक्त राज्य अमेरिका, मध्यपूर्वका देशहरूमा बलियो देखिएको छ । नेपाली भाषीको बाहुल्य भएका देशहरूमा त्यहाँका प्रदर्शक तथा वितरकसँग समन्वय गरी नेपाली चलचित्र प्रदर्शन गर्न सके यसले ठूलो बजार निर्माण गर्न टेवा पुग्नेछ । अहिले बजारकै कारण खुम्चिरहेको नेपाली चलचित्रको बजेटलाई वृद्धि गर्न समेत यसले मदत गर्नेछ ।

# सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमा कानुनमन्त्रीद्वारा थप समय माग



**टुडे समाचारदाता**

काठमाण्डु। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक टुङ्ग्याउन थप समय माग गरेका छन्।

प्रतिनिधिसभा कानुन, न्याय तथा मानव अधिकार समितिको आइतबारको बैठकमा मन्त्री गुरुङले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक टुङ्ग्याउन तयारी गरेको भए पनि अझै छलफल गर्न आवश्यक भएको बताउँदै समय माग गरेका हुन्।

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगसम्बन्धी विधेयकलाई समितिबाट पारित गर्न केही विषयमा थप स्पष्ट हुनुपर्ने भन्दै मन्त्री गुरुङले समय माग गर्नुभएको हो। मन्त्री गुरुङले भने, "पीडितको सहमति नभए अभियोजनमा जाने र अभियोजन गर्दा सजाय कति हुने ? यस्ता केही विषयमा सल्लाह गर्न बाँकी छ।" कानुनमन्त्री गुरुङले विधेयकमा धेरै विषयमा सहमति भइसकेको भए पनि केही कुरा स्पष्ट हुन जरुरी रहेको बताए।

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सङ्क्रमणकालीन न्यायलाई पीडितले न्याय पाउने गरी आपसमा सहमति गरेर अन्तरराष्ट्रिय मापदण्डअनुसार विधेयक बनाउनुपर्नेमा जोड दिए। उनले भने, "सङ्क्रमणकालीन न्याय अन्तरराष्ट्रिय मापदण्डअनुसार हुनुपर्छ।" नेपाल कम्युनिष्ट पार्टी (एमाले) का प्रमुख सचेतक महेश बर्तौलाले सङ्क्रमणकालीन न्यायसम्बन्धी मुद्दामा पीडितले न्याय पाउने कुराको सुनिश्चित हुनुपर्ने बताए। "सङ्क्रमणकालीन न्यायमा पीडितले न्याय पाउनुपर्छ, द्वन्द्वकालीन कुनै पनि घटनामा नियमित कानुनी व्यवस्थाअनुसार सजाय कम हुनुपर्छ," सांसद बर्तौलाले भने।

बैठकमा समितिका सदस्यहरु सुशील शर्मा, रञ्जुकुमारी झा, नैनकला थापा, नागिना यादव, सोविता गौतम, सन्तोष परियारले सङ्क्रमणकालीन न्यायलाई जतिसक्दो चाँडो टुङ्ग्याएर पीडितलाई न्याय दिनुपर्ने बताए। बैठकपछि समितिका सभापति विमला सुवेदीले समितिको आगामी बैठकमा विधेयकका बारेमा उठेका विषयहरु समेटेर तयार पारिएको एकीकृत मस्यौदा पेस गर्ने र पारित गर्ने बताए।

# सुशासनको लक्ष्य हासिल गरौंः प्रधानमन्त्री




**टुडे समाचारदाता**

काठमाण्डु। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अबको दुनियाँमा 'पेपरलेस र फेसलेस' प्रणालीबाट सेवा प्रवाह गरेर मात्र सुशासनलाई सार्थकता दिन सकिने बताएका छन्।

'समृद्ध नेपालका लागि कृत्रिम बौद्धिकता, भविष्यमा रोजगारी' विषयक वैज्ञानिक सम्मेलनलाई आइतबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्रीले सेवा प्रवाहका लागि प्रविधिको प्रयोगलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए।

"सरकारले कम्प्युटर प्रविधि, रोवोटिक प्रविधि, डेटा विज्ञान, मेसिन लर्निङ, इन्टरनेट अफ थिङ्स, कम्प्युटेशनल पूर्वाधार विकासका लागि आफ्नोतर्फबाट गर्नुपर्ने कार्यमा आवश्यक पहल लिनेछ," प्रधानमन्त्रीले भने, "यसका लागि कृत्रिम बौद्धिकतासम्बन्धी नीतिलाई राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ तथा डिजिटल नेपाल फ्रेमवर्क, २०१९ सँग समन्वय गर्नेगरी अगाडि बढिनेछ।"

सरकारले उदयीमान प्रविधिको क्षेत्रमा विभिन्न अध्ययन र अनुसन्धानका काम अगाडि बढाएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले विज्ञान प्रविधि क्षेत्रलाई महत्त्व दिएर नै विज्ञान प्रविधि नवप्रवर्तन कोष निर्माणका लागि बजेट विनियोजन गरिएको बताए। उनले प्रविधिको क्षेत्रमा आत्मनिर्भरताको अवसर सिर्जना गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिए।आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तावमा विज्ञान प्रविधि, अनुसन्धान र नवप्रवर्तनलाई विशेष महत्त्व दिइने उल्लेख गर्दै प्रधानमन्त्रीले प्रस्तावित १६औँ आवधिक योजनामा यस क्षेत्रलाई महत्त्वका साथ समावेश गरिएको जानकारी दिए।

प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार नवप्रवर्तन र उत्पादकत्व वृद्धिको सवालमा आगामी वर्षदेखि नै सरकारी निकायहरूले कृत्रिम बौद्धिकताको भूमिका बढाउने परियोजना विकासमा जोड दिइने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीले सरकारी निकायले दिने सेवाको जानकारीका लागि कृत्रिम बौद्धिकतामा आधारित 'च्याटबट' सेवा, बृहत् तथ्याङ्कीय विश्लेषणका परियोजनाहरूलाई प्राथमिकतापूर्वक कार्यान्वयन गरिने स्पष्ट पारे।

प्रधानमन्त्रीले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा विभिन्न सरोकारवाला निकायहरूद्वारा संयुक्तरूपमा आयोजना गरेको 'समृद्ध नेपालका लागि कृत्रिम बौद्धिकता-भविष्यमा रोजगारी' विषयक वैज्ञानिक सम्मेलनले समृद्ध नेपाल बनाउने सपना सार्थक बनाउन सहयोग गर्ने विश्वास व्यक्त गरे।मानिसले गर्ने नियमित कार्यहरू वा धेरै समय लगाएर गर्ने कार्यहरू तथा मानिसले गर्न नसक्ने कार्यहरू कृत्रिम बौद्धिकतामार्फत गर्दा समयको बचत र नवप्रवर्तन तथा उत्पादकत्व वृद्धिका निम्ति बहुउपयोगी हुने प्रधानमन्त्रीले बताए।

# भ्रष्टाचारविरुद्धको अभियानमा विश्राम लाग्दैनः गृहमन्त्री

**टुडे समाचारदाता**

भैरहवा। उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुशासन स्थापनाका लागि सरकारले भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन प्रवर्द्धनका लागि सुरु गरेको अभियानमा विश्राम नलाग्ने बताएका छन्।


आइतबार शुद्धोधन गाउँपालिका-५ मानपकडीमा इलाका प्रशासन कार्यालय उद्घाटन गर्नुहुँदै मन्त्री श्रेष्ठले सीमित साधन र स्रोतका कारण विकास र समृद्धिका क्षेत्रा गुणात्मक परिवर्तन गर्न नसकिएको बताए। उनले आन्तरिक सुशासन कायम नगरी भ्रष्टाचारको प्रभावकारी नियन्त्रण तथा जनतालाई सहज सेवा प्रवाह हुन नसक्ने स्पष्ट पारे। सरकारले अहिले सुशासन, समृद्धि र सामाजिक न्यायलाई मूलमन्त्र मानी अगाडि बढेको उनको भनाइ थियो। समृद्धिका लागि सुशासन पहिलो सर्त भएकोसमेत उनको भनाइ थियो।

विसं २०७९ चैत्र ६ गतेको निर्णयअनुसार इलाका प्रशासन कार्यालय मानपकडीमा राख्ने तय भएको थियो। त्यसको करिब नौ महिनापछि २०८० पुस ३ गते कार्यक्षेत्र विस्तार एवं कार्यालय व्यवस्थापन गर्ने गरी गृहमन्त्रीस्तरको निकाय भएपछि मात्र इलाका प्रशासन कार्यालयको स्थापना गरिएको हो।



इलाका प्रशासन कार्यालय मानपकडीबाट शुद्धोधन गाउँपालिकाको सात वटै वडा, गैडहवा गाउँपालिकाको ९ वटै वडा, सियारी गाउँपालिकाको वडा नम्बर ४, ५, ६ र ७ तथा मायादेवी गाउँपालिकाको वडा नम्बर १ र २ गरी २२ वटा वडाका लागि सेवा प्रवाह हुने रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए। उनले यो केन्द्रबाट करिब एक लाख २ ९ हजार जनाले सेवा लिने गरी कार्यालयको स्थापना गरिएको बताए। यससहित रुपन्देहीमा इलाका प्रशासनको स ख्या तीन पुगेको छ। रुपन्देहीको बुटवल उपमहानगरपालिका र कोटहीमाई गाउँपालिकामा यसअघिदेखि नै इलाका प्रशासन कार्यालय छन्।

# चालु अधिवेशनबाट धेरै कानुन पारित हुनेमा आशावादी छु'



काठमाण्डु। कानुन निर्माणको काममा संसद् कमजोर भएको भनेर आलोचना हुने गरेको छ। संसद्मा विधेयकहरु ल्याएर संसद्लाई सक्रिय तुल्याउने मुख्य जिम्मेवारी सरकारको हो। संसद्ले प्राप्त विधेयकमाथि छलफल गर्ने र पारित गर्ने हो। निर्वाचनलगत्तै एउटा सरकार गठन हुने, फेरि विघटन हुने र अर्को सरकार गठन हुने यो अस्थिरताका कारण कानुन निर्माणमा ढिलाइ हुने गरेको छ। विनियोजन विधेयक, सरकारका नीति तथा कार्यक्रमलगायत काममा पनि प्रवेश गर्नुपर्ने भएकाले कानुन निर्माणको पाटो केही ओझेलमा पर्ने गरेको छ।

संसदीय व्यवस्थाको सभामुखीय भूमिकामा नयाँ व्यक्ति आउनु हुँदा पनि संसद्का गतिविधिमा केही प्रभाव पर्छ। यसकारण जति विधेयक संसद्मा आउनुपर्ने थियो, जसरी पास हुनुपर्थ्यो त्यो नभएकै हो। कानुन निर्माणमा सांसदको भूमिका पनि कमजोर देखिएकै हो। तर, अहिले कार्यतालिका नै बनाएर संसद्का गतिविधि अघि बढिरहेका छन्। सरकारले पनि आफ्नो तयारी गरेको छ। संसद्को चालु अधिवेशनमा धेरै विधेयकहरु पारित हुने हामीले अनुमान गरेका छौँ। सत्यनिरुपण तथा मेलमिलाप र बेपत्ता व्यक्तिहरुको छानबिन आयोगसम्बन्धी विधेयक (टिआरसी)लगायत थुप्रै कानुन निर्माणमा सरकार र संसद लागिपरेको छ। यस पटकको अधिवेशनमा धेरै काम हुन्छ भन्ने मैले विश्वास लिएको छु।

पछिल्लो समय संसदीय समितिहरुले पनि आवश्यकताअनुसार बैठक बसेर निर्णय गर्ने तथा आफ्नो भूमिका र सक्रियता बढाएका छन्। विधेयकहरु माथि पर्याप्त छलफल हुने र सुझाव दिने काम भइरहेकै छन्। सङ्घीय कानुन निर्माणमा केही विलम्ब भएकै हो। सम्पत्ति शुद्धीकरण, टिआरसीलगायत कानुन, सङ्घीय निजामती ऐनलगायतलाई चाँडो टुङ्गोमा पुऱ्याइनुपर्थ्यो।

सांसदहरुले जनताका जनजीविकासँग जोडिएका समसामयिक विषयलाई पनि संसद्मा राख्नुपर्ने हुन्छ। संसद्मा सत्तापक्ष र प्रतिपक्ष दुवैले जनताकै कुरा राख्ने हो। जनजीविकाका विषय उठाउने र सम्बोधन गर्ने सवालमा सत्तापक्ष र प्रतिपक्ष भन्ने हुँदैन। तर प्रतिपक्षले विरोध मात्र गर्ने र सत्तापक्षले सबै कुरामा सहमति मात्र जनाउने भन्ने एउटा गलत भाष्य निर्माण गर्न खोजिएको छ। सांसद जो पक्षको भए पनि जनताको कुरा राख्ने उसको जिम्मेवारी र अधिकार हुन्छ।

पछिल्ला वर्षमा भूकम्प, कोभिड महामारी र अन्तर्राष्ट्रिय परिस्थितिले मुलुकको आर्थिक अवस्था सिथिल बन्यो। लक्ष्यअनुसार राजस्व उठ्न नसक्दा केही समस्या सिर्जना भएको छ। विश्वव्यापीरुपमा देखिएको आर्थिक मन्दीको असर नेपाले पाउने वैदेशिक ऋण, अनुदान तथा वैदेशिक लगानीका क्षेत्रमा पनि परेको छ। हामी कुन परिस्थितिबाट गुज्रियौं भन्ने विश्लेषण नगरी अहिलेको अवस्था सिर्जना हुनुमा सरकारलाई मात्र दोष दिनु उचित होइन। अघिल्ला सरकारले अधिकांश आयोजना तथा कार्यक्रममा स्रोत सुनिश्चित नगरी बजेट विनियोजन गरेका कारण पनि केही समस्या देखिएको छ। सरकारी ढुकुटीमा पैसा नहुने तर दायित्व भने बढिरहेको स्थितिलाई सम्बोधन गर्न त्यति सहज थिएन। यही कारण ठेकेदारले समयमा रकम नपाउने र विकास निर्माणका काम चाँडो नहुने समस्या छ।

विदेशी मुद्रा सञ्चिति निकै कम हुनु, राजस्व सङ्कलन लक्ष्यअनुसार हुन नसक्नु, मुद्रास्फीति, महङ्गो ब्याजदरलगायत समस्या एकैपटक देखिएका थिए। ती समस्या समाधान गर्नका लागि समय लागेको हो भन्ने सरकारले बुझाउन सकेको देखिन्न।

आगामी आर्थिक वर्षमा यी विषयको सम्बोधनसहित बजेट आउने र यस्ता समस्या नदोहोरिएलान् भन्ने अपेक्षा छ। वैदेशिक मुद्रा सञ्चिति न्यून हुनु, लक्ष्यअनुसार राजस्व उठ्न नसक्नु र हाम्रो सार्वजनिक ऋण पनि प्रभावकारी नभएको हिजोको अवस्थाबाट अहिले विस्तारै अर्थतन्त्र लयमा फर्किन थालेको छ। सरकारले ठूलो ऋण लिएर खर्च गर्नसक्ने अवस्था पनि अहिले छैन। किनभने विगतका ऋणको दायित्व बढ्दै जाँदा थप समस्या हुनसक्छ। यी विषयलाई सरकारले विस्तारै समाधान गरेपछि अर्थतन्त्र लयमा आउँछ भन्ने विश्वास छ। अहिले विस्तारै आर्थिक क्षेत्र सुधारको दिशामा छ। यद्यपि, मेहनत गर्न धेरै बाँकी छ। समग्रमा अर्थतन्त्र बिग्रेको छैन।

बजेटमा विनियोजन कुशलता नभएको तथा शक्ति र पहुँचका आधारमा बजेट आउने गरेको भनेर पनि आलोचना भएको सुनिन्छ। यसलाई वस्तुनिष्ठ ढङ्गले विश्लेषण गरिनुपर्छ। राष्ट्रिय महत्वका आयोजना, क्रमागत तथा बहुवर्षीय आयोजनामा स्वाभाविकरुपमा बजेट छुट्याउनै पऱ्यो। त्यो अनिवार्य दायित्व हो। ठूला आयोजनामा बढी लगानी देखिनु स्वाभाविक हो। किनभने एउटै शीर्षकमा ठूलो बजेट विनियोजन गर्नुपर्ने हुन्छ। त्यसैले फलानो नेता, सांसद, मन्त्री, प्रधानमन्त्रीको क्षेत्रमा बजेट केन्द्रित भयो भनेर आलोचना गर्नु ठीक होइन। उदाहरणका लागि, मेरो जिल्ला सख्ुवासभामा उत्तर दक्षिण जोड्ने सडक लामो समयदेखि निर्माणाधीन छ। अब त्यो आयोजनालाई बजेट नदिएर काम रोक्नु भएन। बहुवर्षीय प्रकृतिका आयोजनालाई बजेट छुट्याउनु अनिवार्य दायित्व हो। यसकारण हामीले बजेट विनियोजनमा विभेद भयो भनेर आलोचना गर्दैगर्दा नयाँ आयोजनालाई बजेट गएको छ, वा पुरानै आयोजनालाई गएको छ भनेर पनि हेर्नुपऱ्यो।

> मुलुकमा भ्रष्टाचार निर्मूल पारी सुशासन कायम नगरेसम्म अहिलेका समस्या समाधान हुँदैनन्। विद्यमान बेथिति नियन्त्रण, मिटरब्याजीपीडितका समस्या, दुग्ध किसान, सहकारी क्षेत्र, निजी क्षेत्रका समस्या समाधान गर्ने र मुलुकलाई आर्थिक हिसाबले मजबुत बनाउन सबै जिम्मेवार भएर लाग्नुपर्छ।
>
> •••

प्रतिनिधिसभा निर्वाचन भएको पनि एक वर्षभन्दा बढी समय बितिसक्यो। निर्वाचन पछिको यो अवधिलाई समीक्षा गर्दा त्यति निरास हुनुपर्ने अवस्था म देख्दिनँ। हामीले आफ्नो निर्वाचन क्षेत्रका आवश्यकता, राष्ट्रिय आवश्यकता र पार्टीको चुनावी घोषणापत्रलाई समेटेर चुनावको घोषणापत्र बनाएका हुन्छौं। पार्टीगत हिसाब र राष्ट्रिय अवस्थालाई समेत हेर्दा मुलुकको अर्थतन्त्रलाई प्राथमिकतामा राखेर काम गरिएन कि भन्ने लाग्छ। जुन अपेक्षा हामीले गरेका थियौं, त्योअनुसार नतिजा दिन नसकेकै हो। मेरो आफ्नो जिल्ला सख्ुवासभाको हकमा समग्रमा एक वर्षे संसदीय अभ्यासको समीक्षा गर्दा म सन्तुष्ट छु। त्यहाँ बजेट र आयोजना कार्यान्वयनका हिसाबले निराशाजनक छैन।

अहिले तीन तहको सरकार छ। ती सरकारले आफ्नो ढङ्गले काम गर्नुपर्ने हुन्छ। जनताको चाहना आवश्यकता फरक छ। स्थानीयले खानेपानी, सडक, स्वास्थ्य, शिक्षालगायत कुरा उठाउनुहुन्छ। सङ्घ र प्रदेशले त्यसलाई स्थानीय तहको जिम्मेवारी भन्दै पन्छाउनसक्ने अवस्था छैन। यसकारण तीन तहका सरकारको समन्वय र जनताको आवश्यकतालाई केन्द्रमा राखेर तीनवटै तह अगाडि बढ्नुपर्छ। कानुन निर्माणमा सहजतादेखि जनताको तत्कालिक आवश्यकताको परिपूर्ति गर्नेतिर ध्यान केन्द्रित हुनुपर्छ।

मुलुकमा भ्रष्टाचार निर्मूल पारी सुशासन कायम नगरेसम्म अहिलेका समस्या समाधान हुँदैनन्। विद्यमान बेथिति नियन्त्रण, मिटरब्याजीपीडितका समस्या, दुग्ध किसान, सहकारी क्षेत्र, निजी क्षेत्रका समस्या समाधान गर्ने र मुलुकलाई आर्थिक हिसाबले मजबुत बनाउन सबै जिम्मेवार भएर लाग्नुपर्छ।सांसद दीपक खड्का प्रतिनिधिसभा निर्वाचन २०७९ मा संखुवासभाबाट निर्वाचित हुनुभएको थियो। उहाँ नेपाली कांग्रेसका नेता पनि हुनुहुन्छ।रासस

# 'नेपालको वर्तमान ठूलो शत्रु गरिबी, बेरोजगार, अशिक्षा र रोग'

**टुडे समाचारदाता**

खोटाङ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले नेपालको वर्तमान शत्रु गरिबी, बेरोजगार, अशिक्षा र रोग भएको बताएका छन्।

प्रेस सेन्टर नेपाल खोटाङले आइतबार दिक्तेलमा आयोजना गरेको पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै मन्त्री किरातीले नेपालमा देखिएका यी सबै समस्या समाधानका लागि वर्तमान सरकार प्रयत्नरत रहेको बताए।

मन्त्री किरातीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै भ्रष्टाचार अन्त्य गर्नमा सरकार लागिपरेको जानकारी दिएका छन्। "देशमा सुशासन कायम नभएसम्म शत्रुको रुपमा देखा परेको गरिबी, बेरोजगार, अशिक्षा र रोग अन्त्य गर्न सकिँदैन", उनले भने, "देशमा अहिले साझा समस्याका रुपमा देखिएका गरिबी, बेरोजगार, अशिक्षा र रोग अन्त्य गर्न राष्ट्रिय सरकार आवश्यक छ।

वर्तमान गठबन्धनलाई अझ बलियो बनाउँदै राष्ट्रिय सहमतिको सरकार बनाउनुपर्छ। अनिमात्र समृद्ध नेपाल निर्माण गर्न सक्छौँ।"

मन्त्री किरातीले वर्तमान सत्ता साझेदार गठबन्धन दलभित्र देखिएका केही समस्याका विषयमा गम्भीर समीक्षा गर्नुपर्ने बताएका छन्। गठबन्धन निर्माण गर्दा जनतालाई देखाइएको सपना पूरा गर्नका लागि पनि वर्तमान गठबन्धन सरकारलाई कायम राख्नुपर्ने उनले बताए।

देशमा सुशासन कायम गर्न र आर्थिक समृद्धि निर्माणको बाटो प्रारम्भ गर्नका लागि स्थायी सरकार आवश्यक रहेको मन्त्री किरातीले दाबी गरे। नेपालको संविधानले अङ्गिकार गरेअनुसार सबै राजनीतिक दल मिलेर वर्तमान सरकारलाई स्थायित्व दिनुपर्ने उनको भनाइ थियो।

मन्त्री किरातीले नेपालका हरेक घुम्ती तथा डाँडापाखा पर्यटनको सम्भावना बोकेको ठाउँ रहेको बताएका छन्। "नेपालका हरेक जातजातिको छुट्टाछुट्टै विशेषता, छुट्टाछुट्टै भेषभूषा तथा संस्कार, संस्कृति छन्। यसलाई प्रवर्द्धन गर्न वर्तमान सरकार लागि परेको छ। मन्त्रालयले तयार पारेको १६औँ पञ्चवर्षीय योजनामा रैथाने शब्द समावेश गरिएको छ", उनले भने, "पर्यटन प्रवर्द्धनका लागि हामीले अन्य देशको सिको गर्न आवश्यक छैन। रैथाने रहनसहनलाई प्रवर्द्धन गर्न सके यसैमा हाम्रो




भविष्य छ। यसप्रति वर्तमान सरकारले गम्भीर भएर मिहिनरुपमा अध्ययन/अनुसन्धानसहित नीति निर्माण गरिरहेको छ।"

मन्त्री किरातीले खोटाङको त्रिधार्मिकस्थल हलेसी, किराँत समुदायको उद्गमस्थल तुवाचुङ-जयाजुम, बराहपोखरी, जन्तेढुङ्गा, मझुवागढीलगायतका धार्मिक तथा ऐतिहासिकस्थलको पर्यटन प्रवर्द्धनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट बजेट विनियोजन गरिएको जानकारी दिए। मन्त्री किरातीले जिल्लाको पर्यटन प्रवर्द्धनका लागि मन्त्रालयबाट विनियोजित बजेटलाई सही तरिकाले कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशनसमेत दिएका छन्।

प्रेस सेन्टर नेपालले आयोजना गरेको पत्रकार सम्मेलनपछि मन्त्री किरातीले दिक्तेलस्थित दिलकाजी-ठूलकुमार स्मृति भवनमा पार्टी कार्यकर्तासँग भेटघाटसमेत गरेका छन्। कार्यकर्ता भेटघाट कार्यक्रममा मन्त्री किरातीसँगै नेकपा (माओवादी केन्द्र)का केन्द्रीय अनुशासन आयोग अध्यक्ष एवं पूर्वसांसद टङ्क राईसमेत सहभागी भएका थिए।

मन्त्री किराती दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-२ सोल्मामा 'सोल्मा स्पोर्टस् क्लब सोल्मा'ले आयोजना गरेको 'अण्डर-२३ पुरुष फुटबल प्रतियोगिता' समापन कार्यक्रमलाई सम्बोधन गर्न खोटाङ आउनुभएको जनाइएको छ।

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं.१८ घर भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १८ बस्ने श्री जागो मंडलको नाती खटर मंडलको छोरा वर्ष ७२ को श्री रामगुलाम मंडलको मिति २०७९/०६/२० गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४०३०००११ मा भएको रकम भुक्तानी पाउँ भनि निज मृतककी पत्नी श्रीमती झरौखा देवीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिमको दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफूनो हकदावीको सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन ०४१-५९०२६१

# रूसी माध्यमबाट सेनाको गोप्य वार्ता चुहावटबारे छानबिन गर्ने जर्मनीको प्रतिवद्धता

**एएफपी**

बर्लिन । यूक्रेन युद्धबारे सेनाको गोप्य वार्ताको रेकर्डिङ रूसी सामाजिक सञ्जालमा सार्वजनिक भएपछि जर्मनीका चान्सलर ओलाफ सोल्जले यसको पूर्ण छानबिन गर्ने प्रतिबद्धता शनिबार जनाउनुभएको छ ।

जर्मनीको रक्षा मन्त्रालयका प्रवक्ताले एएफपीसँग कुरा गर्दै वायु सेनाको प्रभागमा भएको कुराकानी 'चोरिएको' विश्वास मन्त्रालयले गरेको बताउनुभएको छ ।

जर्मनीले आफ्ना अधिकारीहरूले युक्रेनलाई लामो दुरीका क्षेप्यास्त्र उपलब्ध गराउने र सम्भावित निशानाहरूबारे छलफल गरिरहेको सैन्य बैठक रूसको 'ह्याकिङ'मा परेको स्वीकार गरेको हो ।



dpa

भिडिओ सम्मेलनमार्फत् भएको बैठकको श्रव्य सामग्री रूसको सरकारी च्यानल आरटीकी प्रमुखले मार्गरिटा सिमोनियानले शुक्रवार सामाजिक सञ्जालमा पोष्ट गर्नुभएको थियो ।

अधिकारीहरूले गैरकानुनी रूपमा गाभिएको क्रिमिया र रूसलाई जोड्ने केर्च पूललाई कसरी ती क्षेप्यास्त्रहरूले निशाना बनाउन सक्छन् भन्ने छलफल गरिरहेका श्रव्य सामग्रीमा सुन्न सकिन्छ ।

रूसी नेताहरूले उक्त श्रव्य सामग्रीले 'सधैं घृणा गरिरहने शत्रु' ले आक्रमणको योजना बुनिरहेको प्रमाणित गरेको उल्लेख गरेका छन् ।

जर्मनीका चान्सलर ओलाफ सोल्सले चुहावट जस्तो देखिने उक्त घटना 'ज्यादै गम्भीर भएकाले सावधानीपूर्वक, गहन र ज्यादै द्रूत ढङ्गले अनुसन्धान' अघि बढाइएको बताउनुभएको छ ।

डेर स्पीगल म्यागजिनका अनुसार उक्त भिडियो सम्मेलन कुनै गोप्य आन्तरिक सैन्य नेटवर्कमा नभई वेबएक्सको प्ल्याटफर्ममा आयोजना गरिएको थियो ।

उक्त रेकर्डिङमा युक्रेनी फौजहरूले जर्मनीमा बनेको टोरस क्षेप्यास्त्रहरूको प्रयोग गर्ने सम्भावना र त्यसको सम्भावित असरबारे छलफल गरिरहेको सुन्न सकिन्छ ।

जर्मन रक्षा मन्त्रालयका प्रवक्ताले भन्नुभएको छ, "सामाजिक सञ्जालमार्फत् बाहिरिएको उक्त सामग्री रेकर्ड गरिएको वा लिपीवद्ध स्वरूपमा रूपान्तरण गरिएको हो वा होइन भनेर हामी अहिले भनिहाल्न असमर्थ छौं । अनुसन्धान भइरहेको छ ।"

उक्त श्रव्य सामग्रीमा फ्रान्स र बेलायतले कीएभलाई उपलब्ध गराएको क्षेप्यास्त्रको प्रयोगबारे पनि छलफल भएको छ ।

कीएभले लामो समयदेखि जर्मनीलाई ५०० किलोमिटर (३०० माइल) टाढासम्म पुग्न सक्ने टोरस क्षेप्यास्त्र उपलब्ध गराउन आग्रह गर्दै आएको छ ।

सोल्सले हतियार आपूर्तिले द्वन्द्वलाई थप बढाउने चिन्ता व्यक्त गर्दै अहिलेसम्म क्षेप्यास्त्र पठाउन अस्वीकार गर्दै आउनुभएको छ ।

उहाँले शनिबार रोम भ्रमणका क्रममा भन्नुभयो, "जे रिपोर्ट भइरहेको छ, त्यो निकै गम्भीर विषय हो र यसैकारण यसको अहिले निकै सावधानीपूर्वक, धेरै गहन र छिटो अनुसन्धान भइरहेको छ ।"

जर्मनीको प्रसिद्ध प्रसारक एआरडीले यो चुहावट जर्मन गुप्तचर सेवाका लागि 'विपत्ति' भएको बताएको छ ।

शनिबार टर्कीमा आयोजित एक कूटनीतिक मञ्चमा बोल्दै रूसी विदेशमन्त्री सेर्गेइ लाभरोभले यूक्रेन र उसका समर्थकहरूले आफ्नो बाटो परिवर्तन गर्न नचाहेको र युद्धभूमिमा रूसलाई रणनीतिक पराजय दिन चाहेको सङ्केत उक्त रेकर्डिङले दिएको बताउनुभयो ।

रूसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले जर्मनीलाई छलफलबारे तत्काल स्पष्टीकरण उपलब्ध गराउन माग गर्नुभएको छ ।

उहाँले भन्नुभयो, "प्रश्नको जवाफ नदिने प्रयासलाई अपराध स्वीकार्नु मानिनेछ ।" रूसका पूर्वराष्ट्रपति तथा सुरक्षा परिषद्का उपप्रमुख दिमित्री मेदभेदेवले टेलिग्रामपोस्टमा लेख्नुभएको छ, "हाम्रा पुराना प्रतिद्वन्द्वी (जर्मन) हरू फेरि हाम्रा शत्रुमा परिणत भएका छन् ।

रूसको आक्रमण रोक्न संघर्ष गरिरहेको कीएभलाई जर्मन टोरस क्षेप्यास्त्रहरूको आपूर्तिले युक्रेनलाई रूसविद्धको लडाईमा ठूलो प्रोत्साहन प्रदान गर्नेछ ।

फ्रान्स र बेलायतले कीएभलाई करिब २५० किलोमिटर मार हान्ने क्षमता रहेका 'स्क्याल्प र स्टा'र्म स्याडो' क्षेप्यास्त्र आपूर्ति गरेका छन् भने जर्मनीले टोरस दिएमा कीएभले आफूलाई ५०० किलोमिटर टाढासम्म मार हान्न सक्नेछ र यसले रूसविरूद्धको युक्रेनको प्रतिरोधलाई मजबुत बनाउनेछ ।

# आयरल्याण्ड 'ए' ले नेपालमा ८ खेल खेल्ने



काठमाण्डु । टेस्ट राष्ट्र आयरल्यान्डको 'ए' टोलीसँग नेपालको राष्ट्रिय टोली र ए टोलीले ८ खेल खेल्ने भएका छन् ।

मार्च २४ देखि अप्रिल ७ सम्म आयरल्यान्ड टोली नेपाल भ्रमणमा रहनेछ । यसक्रममा टोलीले नेपालको सिनियर टोलीसँग २ टि२० खेल्नेछ । त्यसबाहेक नेपाल 'ए' टोलीसँग ३-३ एकदिवसीय र टि२० खेल हुनेछ ।

जुनमा हुने आइसीसी टि२० विश्वकपको तयारीस्वरूप यो सिरिज खेल्न लागिएको हो । यसलगत्तै नेपाली टोलीले ३१ मार्च देखि अप्रिल ७ सम्म भारतको गुजरात र बरोडासँग त्रिकोणात्मक सिरिज खेल्दैछ । उक्त सिरिज लगत्तै नेपाल एसीसी प्रिमियर कप खेल्न ओमान जानेछ ।

यस्तै क्यानले आइतबार मात्र मार्च ९ देखि १३ सम्म हङकङ भ्रमणका लागि पनि टोली घोषणा गरिसकेको छ ।

**हङकङ भ्रमण (मार्च ९ देखि १३ सम्म)**

फ्रेन्डसिप कप - मार्च ९ - नेपाल विरुद्ध हङकङ

**त्रिकोणात्मक सिरिज (मार्च १०-१३)**

मार्च १०- नेपाल र हङकङ
मार्च १२ - नेपाल विरुद्ध पिएनजी
फाइनल - मार्च १३

**आयरल्यान्ड 'ए' को नेपाल भ्रमण (मार्च २४-अप्रिल ७)**

मार्च २४ - टि२० - नेपाल विरुद्ध आयरल्यान्ड 'ए'
मार्च २५ - टि२० - नेपाल विरुद्ध आयरल्यान्ड 'ए'
मार्च २८ - टि२० - नेपाल 'ए' विरुद्ध आयरल्यान्ड 'ए'
मार्च २९ - टि२० - नेपाल 'ए' विरुद्ध आयरल्यान्ड 'ए'
मार्च ३१ - टि२० - नेपाल 'ए' विरुद्ध आयरल्यान्ड 'ए'
अप्रिल ३ - एकदिवसीय - नेपाल 'ए' विरुद्ध आयरल्यान्ड 'ए'
अप्रिल ५ - एकदिवसीय - नेपाल 'ए' विरुद्ध आयरल्यान्ड 'ए'
अप्रिल ७ - एकदिवसीय - नेपाल 'ए' विरुद्ध आयरल्यान्ड 'ए'

**भारतको त्रिकोणात्मक सिरिज (मार्च ३१-अप्रिल ७)**

३१ मार्च - नेपाल विरुद्ध गुजरात
२ अप्रिल - नेपाल विरुद्ध बरोडा
३ अप्रिल - नपाल विरुद्ध गुजरात
५ अप्रिल - नेपाल विरुद्ध बरोडा
७ अप्रिल - फाइनल

**एसीसी मेन्स प्रिमियर कप (अप्रिल १२ देखि २१ सम्म )**

१२ अप्रिल - नेपाल विरुद्ध मलेसिया
१३ अप्रिल - नेपाल विरुद्ध कतार
१५ अप्रिल- नेपाल विरुद्ध हङकङ
१७ अप्रिल - नेपाल विरुद्ध साउदी अरब
१९ अप्रिल - सेमिफाइनल
२१ अप्रिल - फाइनल

# भारतले माल्दिभ्सनजिकै सैन्य शिविर स्थापना गर्दै

**एएफपी**

नयाँदिल्ली।भारतीयनौसेनाले 'रणनीतिक रूपमा महत्वपूर्ण' माल्दिभ्सको नजिकका टापुहरूमा सेनालाई बलियो बनाइरहेको बताएको छ । मालेले भारतीय सेनालाई घर पठाउन सुरु गर्नुभन्दा केही दिन अघि नै नयाँ शिविर खुल्ने भारतीय सेनाले जनाएको छ ।



चीन निकट मानिने मालदिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुले गत वर्ष भारतीय सेनालाई फिर्ता पठाउने वाचा गरेर चुनाव जितेपछि भारत र माल्दिभ्सबीचको सम्बन्धमा तिक्तता आएको छ ।

पूर्व-पश्चिम अन्तर्राष्ट्रिय जल मार्गमा फैलिएको उक्त द्वीपसमूहमा चीनको बढ्दो उपस्थितिप्रति भारत सशङ्कित रहेको र नयाँ शिविरले उक्त क्षेत्रमा नयाँ दिल्लीको 'जानकारी पहिचान गर्ने निगरानी' लाई विस्तार गर्ने भारतीय नौसेनाले शनिबार एक विज्ञप्तिमार्फत् जानकारी गराएको छ ।

मुइज्जुले भारतलाई माल्दिभ्समा रहेका ८९ जना सुरक्षाकर्मीलाई फिर्ता बोलाउन आग्रह गर्नुभएको छ । भारतीय योजना अनुसार पहिलो जत्था मार्च १० भित्र भारत प्रस्थान गर्ने र सबै दुई महिनाभित्र स्वदेश फिर्ता हुनेछन् ।

भारतको लक्षद्वीप टापुमा मार्च ६ मा खुल्ने नयाँ सैन्य शिविरले विद्यमान सानो टुकडीलाई 'स्वतन्त्र नौसैनिक एकाइ' मा परिणत गर्नेछ ।

भारतको लक्षद्वीप टापु माल्दिभ्सबाट लगभग १३० किलोमिटर उत्तरमा अवस्थित छ र मिनिकोय टापुमा नयाँ नौसैनिक शिविर रहेको छ ।

भारतीय नौसेनाको लक्षद्वीप टापु कवारत्तीमा पहिलेदेखि नै शिविर छ, तर नयाँ शिविर माल्दिभ्सबाट लगभग २५८ किलोमिटर (१६० माइल) नजिक हुनेछ ।

"मिनिकोय लक्षद्वीपको सबैभन्दा दक्षिणी टापु हो, जसले सञ्चारको महत्वपूर्ण समुद्री रेखालाई समेटेको छ," भारतीय नौसेनाले भनेको छ ।

यस शिविरले समुद्री डकैती र लागुऔषध विरोधी अभियानलाई बढावा दिने छ र यो 'रणनीतिक रूपमा महत्त्वपूर्ण' टापुहरूमा सुरक्षा पूर्वाधार बढाउने नीतिको एक भाग हो ।

# पाकिस्तानको प्रधानमन्त्रीमा सरिफको पुनरागमन



**एएफपी**

इस्लामावाद । पाकिस्तानी राजनीतिमा गठबन्धन सरकारको नेतृत्व गर्दै पूर्वप्रधानमन्त्री शहबाज सरिफ पाकिस्तानको राष्ट्रिय सभा (नेशनल एसेम्ब्ली) बाट दोस्रो कार्यकालका लागि प्रधानमन्त्री निर्वाचित हुनुभएको छ ।

पाकिस्तान मुस्लिम लिग-नवाज (पीएमएल-एन) का अध्यक्ष तथा नवगठित आठ दलीय गठबन्धनका नेता सरिफलाई दोस्रो पटक प्रधानमन्त्री बन्न भारी मत मिलेको छ ।

साथै, जेलमा रहेका विपक्षी नेता इमरान खानका अनुयायीलाई सरकारमा पुग्न नदिन गठबन्धनलाई सफलता मिलेको छ ।

पाकिस्तानको नेशनल एसेम्बलीमा नवनिर्वाचित २०१ सांसदले सरिफको पक्षमा मतदान गरेका छन् भने पूर्वप्रधानमन्त्री खानप्रति वफादार सांसदहरूको उम्मेदवारका रूपमा प्रधानमन्त्रीको नेतृत्वको दावी गरेका ओमार अयूब खानले ९२ मत प्राप्त गर्नुभएको छ ।

निर्वाचनको परिणाम घोषणा गर्दै नेशनल एसेम्बलीका नवनियुक्त सभामुख सरदार अयाज सादिकले भन्नुभयो, "शहबाज सरिफ इस्लामिक गणतन्त्र पाकिस्तानको प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको छ ।"

# यूएईको लगातार दोस्रो हार

काठमाण्डु । आइसीसी विश्वकप लिग-२ अन्तर्गत यूएईले घरेलु मैदानमा लगातार दोस्रो हार बेहोरेको छ ।



आइतबार दुबईमा स्कटल्यान्डसँग ८ विकेटले हारेसँगै यूएईले लिग-२ मा बिर्सनलायक सुरुवात गरेको हो । यसअघि क्यानडाले पहिलो खेलमा यूएईलाई ३ विकेटले हराएको थियो ।

यूएई पहिलो ब्याटिङ गर्दै ४५ ओभरमा मात्र १ सय ३२ रन जोड्दै अलआउट भएको थियो । यूएईका लागि आयान अफजल खान ४५ रनमा नटआउट रहे । ओपनर वृत्य अरविन्दले २६ रन जोड्नुबाहेक अन्य ब्याटरले ठूलो स्कोर बनाउन सकेनन् ।

स्कटल्यान्डका लागि ब्राडली करीले ९ ओभरमा मात्र २१ रन खर्चेर ३ विकेट लिए । स्कट करीले २ विकेट लिँदा सफियन सरिफ, मार्क वाट र क्रिस ग्रिभ्सले १-१ विकेट बाँडे ।

जवाफमा स्कटल्यान्डले २३.४ ओभरमा २ विकेट गुमाएर लक्ष्य पूरा गर्यो । ओपनर चार्ली टिअर ५४ रनमा नटआउट रहे । अर्का ओपनर जर्ज मुन्सेले २६ बलमा ४ चौका र ३ छक्कासहित ३७ रनको योगदान दिए । ब्रेन्डन मक्कुलेन ३९ रनमा आउट भएका थिए ।

यस जितसँगै स्कटल्यान्डले लिग-२ को अंक तालिकामा खाता खोलेको छ । यस सिरिजमा लगातार २ जित हासिल गरेको क्यानडा ४ अंकका साथ दोस्रो स्थानमा छ । नामिबिया ३ जितका साथ ६ अंक जोडेर शीर्षस्थानमा रहेको छ । नेदरल्यान्ड्सको ४ तथा स्कटल्यान्ड र नेपालको २-२ अंक छ । यूएई दुवै खेलमा हार्दा ओमान र अमेरिकाले कुनै खेल खेलेका छैनन् ।

# इन्टर मियामीको सानदार जित

एजेन्सी - मेजर लिग क्लब टोली इन्टर मियामीले आज बिहान भएको खेलमा सानदार जित निकालेको छ । इन्टर मियामीले अर्को फ्लोरिडाको टोली ओरल्याण्डो सिटी विरुद्ध ५-० को जित निकालेको हो ।



मियामीको जितमा लुइस सुआरेज र लियोनेल मेस्सीले २-२ गोल गरे । अर्को एक गोल रोबर्ट टेलरले एक गोल गरे ।

खेलको चौथो मिनेटमा नै मियामिले खेलमा आग्रह लिएको थियो । जुलियन ग्रेसेलको पासमा सुआरेजले गोल गर्दै खेलमा अग्रता दिलाएका थिए । ११औं मिनेटमा ग्रेसेल कै पासमा सुआरेजले दोस्रो गोल गर्दै अग्रता दोब्बर बनाए । २९औं मिनेटमा सुआरेजले असिस्ट गर्न सफल भए । उनकै पासमा रोबर्ट टेलरले गोल गर्दै अग्रता तीन गोलको बनाए ।

त्यसपछि दोस्रो हाफमा मेस्सीले दुई गोल गर्दै पाँच गोल पुर्याए । उनले ५७औं र ६२औं मिनेटमा गोल गरेका थिए ।

मियामीले सिजनको पहिलो ३ खेलमा २ जित र १ बराबरी गरेको छ । मियामी ३ खेलमा ७ अंक सहित इस्ट कन्फरेन्सको पहिलो स्थानमा छ ।

# कतारी र अमेरिकी राजदूत हमाससँगको वार्ताका लागि कायरोमा

**एएफपी**

कायरो । गाजामा युद्धविरामका लागि 'नयाँ चरणको वार्ता' शुरू गर्न कतार र संयुक्त राज्य अमेरिकाका प्रतिनिधिमण्डलसहित हमासको टोली इजिप्ट पुगेको इजिप्टको सरकारी समाचार संस्था अल-काहेरा न्यूजले आइतबार जनाएको छ ।

कायरो, दोहा र वासिङ्टनले इजरायल र हमासबीच अक्टोबर ७ मा भएको आक्रमणपछि सुरु भएको करिब पाँच महिना लामो युद्धलाई रोक्ने उद्देश्यले हप्तौं लामो वार्तामा मध्यस्थता गरेका छन् ।

उनीहरूको लक्ष्य अर्को हप्ता मुस्लिमहरूको पवित्र महिना रमजानको सुरु हुने बित्तिकै युद्धविराम गर्ने रहेको छ, तर असफल वार्ताको शृंखलाले आशालाई क्षीण बनाएको छ ।

वार्ता छ हप्ताका लागि युद्ध स्थगन गर्ने र इजरायली जेलबाट प्यालेस्टिनी कैदीहरूको रिहाई र बदलामा हमासले बन्धकहरूलाई मुक्त गर्ने प्रस्तावमा केन्द्रित भएको छ ।

अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासले गरेको अनपेक्षित आक्रमणबाट युद्ध सुरु भएको थियो जसमा करिब एक हजार १६० जनाको मृत्यु भएको एएफपीले विभिन्न स्रोतबाट पुष्टि गरेको तथ्याङ्कले देखाएको छ ।

इजरायलका अनुसार गाजामा प्रभाव रहेका हमास लडाकुहरूले २५० बन्धकहरूलाई अपहरण गरेका थिए भने उनीहरूमध्ये १३० जना कैदमा रहेका छन् ।

इजरायली घेराबन्दीमा परेको प्यालेस्टिनी भूमिमा इजरायलको जवाफी कारबाहीमा ३० हजार ४१० जनाको मृत्यु भएको गाजाको स्वास्थ्य मन्त्रालयले आइतबार जनाएको छ ।

# रुसी आक्रमणमा ११ को मृत्युपछि जेलेन्स्कीद्वारा पश्चिमी हवाई रक्षाका लागि आग्रह

**एएफपी**

किएभ (युक्रेन) । रुसी क्षेप्यास्त्र, ड्रोन र तोप हमलामा कम्तीमा ११ जनाको मृत्यु भएपछि युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले शनिबार पश्चिमी मुलुकहरूसँग थप हवाई-रक्षा प्रणाली चाँडो उपलब्ध गराउन आह्वान गर्नुभएको छ ।



दक्षिणी बन्दरगाह सहर ओडेसामा रातभर भएको ड्रोन हमलामा एक बालक र एक शिशुसहित आठ जनाको मृत्युको पुष्टि भएको एक क्षेत्रीय अधिकारीले बताउनुभएको छ । उत्तरपूर्वी खार्किभ तथा दक्षिणमा खेरसन र जापोरिजियाको सीमावर्ती क्षेत्रहरूमा भिन्नाभिन्नै गोलाबारी हमलामा अन्य तीन जना मारिएको युक्रेनी अधिकारीहरूले जानकारी दिएका छन् ।

"रुसले लगातार नागरिकहरूमाथि हमला गरिरहेको छ", राष्ट्रपति जेलेन्स्कीले सामाजिक सञ्जालमा भन्नुभयो, "हामीलाई हाम्रा साझेदारहरूबाट थप हवाई प्रतिरक्षा आवश्यक छ, हामीलाई आफ्ना नागरिकहरूलाई रुसी आतङ्कबाट थप सुरक्षा प्रदान गर्नका लागि युक्रेनी हवाई ढाललाई बलियो बनाउन आवश्यक छ, थप हवाई-प्रतिरक्षा प्रणालीका लागि थप क्षेप्यास्त्रले जीवन बचाउँछ ।"

अमेरिकी कांग्रेसमा ६० अर्ब डलरको महत्त्वपूर्ण सहायता प्याकेज अड्किएकाले युक्रेन अहिले दुई वर्षको युद्धमा 'ब्याकफुट' मा छ ।

"रुसी 'आतङ्कवादीहरू'को हमलामा ओडेसामा नौ तले एउटा भवन क्षतिग्रस्त भएको छ", गृहमन्त्री इगोर क्लिमेङ्कोले शनिबार एक टेलिग्राम पोस्टमा भन्नुभयो । करिब १० जना बेपत्ता छन् र एक सय उद्धारकर्मी रातभर खोजी तथा उद्धार कार्यका लागि तयारी अवस्थामा छन् ।

घटनास्थलको फुटेजमा एउटा आवासीय भवनको धेरै तला भत्किएको र भवनको अग्रभाग बिग्रिएको देखाइएको छ । युक्रेनको हवाई सेनाले उसले खसालेको रुसी ड्रोनको भग्नावशेष ओडेसा र खार्किभ दुवै स्थानका आवासीय भवनहरूमा खसेको बताएको छ ।

# अफगानिस्तानमा चिसोका कारण मृत्यु हुनेको संख्या ३९ पुग्यो

**सिन्ह्वा**

काबुल । अफगानिस्तानमा चिसो मौसम र हिमपातका कारण मृत्यु हुनेको संख्या ३९ पुगेको छ।

"वर्षा, हिमपात र चिसो मौसमका कारण ३९ जनाको ज्यान गएको छ भने ३० जना घाइते भएका छन्। साथै चिसो मौसमजन्य प्रकोपका कारण ६३७ घरहरु ध्वस्त भएका छन् भने १३ हजार ८८९ वटा गाईवस्तु मरेका छन्," राष्ट्रिय प्रकोप प्राधिकरणका प्रवक्ता मुल्ला जनान सेकले आइतबार बताउनु भएको छ ।

थप क्षति हुन नदिन प्रशासनले पीडित परिवारलाई खाद्यान्न र उनीहरूका पशुपक्षीलाई घाँस लगायतका खाद्यवस्तु उपलब्ध गराउने तयारी गरिरहेको उहाँले बताउनु भएको छ । अफगानिस्तानका केही भागमा गत आइतबारदेखि भारी वर्षा र हिमपात भइरहेको छ जसले ठूलो क्षति निम्त्याएको छ ।

# फलामको कच्चापदार्थ आयातमा लाग्ने करसम्बन्धी विवाद फेरि ब्यूँझियो

काठमाण्डु । फलाम र स्टील उत्पादक उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ 'बिलेट' र 'स्पञ्ज आइरन'को करसम्बन्धी विवाद फेरी ब्यूँझिएको छ। प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले यस विषयमा सोधखोज थालेसँगै यो विषय फेरी चर्चामा आएको हो ।

आर्थिक अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक, २०७८ मार्फत सरकारले स्पञ्ज र बिलेटको राजस्व दर हेरफेर गरेको थियो। प्रतिस्थापन विधेयकमार्फत ल्याइएका करसम्बन्धी केही व्यवस्थाहरु विवादमा परेपछि संसदीय समितिमा उजुरीसमेत परेको थियो । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले प्रतिस्थापन विधेयकको उक्त व्यवस्था कार्यान्वयन नगर्न सरकारलाई निर्देश दिएको थियो तर उक्त निर्देशन कार्यान्वयन नभएको भन्दै समितिको आइतबारको बैठकले सरकारसँग जवाफ माग गरेको छ ।

"समितिको मिति २०७९ असार ६ गतेको निर्णय के कति कारणले कार्यान्वयन नभएको सम्बन्धमा जवाफका लागि अर्थ मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखि पठाउने निर्णय भएको छ," आइतबारको बैठकको निर्णय सुनाउँदै समिति सभापति अब्दुल खानले भने, "बैठकमा यस विषयमा थप छलफल गर्दा स्पञ्ज आइरन र विलेटको भन्सार महशुल तथा अन्तशुल्क सम्बन्धमा समितिले थप अध्ययन गर्न र सम्बन्धित उद्योगहरुको अवस्थाका बारेमा बुझ्न आवश्यक देखिएकाले अध्ययन उपसमिति गठन गर्ने निर्णय भएको छ।"

आर्थिक ऐन, २०७८ (प्रतिस्थापन) मार्फत सरकारले बिलेटको अन्तःशुल्क दर प्रतिमेट्रिक टन रु एक हजार ६ सय ५० बाट बढाएर रु दुई हजार पाँच सय पुऱ्यायो भने पाँच प्रतिशत भन्सार दर यथावत् राख्यो । यद्यपि, स्पञ्ज आइरन र स्क्रपको भन्सार तथा अन्तःशुल्कमा भने पूर्ण छुट दिइयो । करका दरमा भएको यस्तो हेरफेर पछि फलामे छड तथा स्टील उत्पादक व्यवसायीहरु सरकारको पक्ष र विपक्षमा विभाजित भएका थिए ।

बिलेट आयातमा कर घटेपछि बजारमा फलाम तथा स्टीलको मूल्य पनि घट्ने अनुमान गरिएको थियो तर त्यसको ठीक विपरीत, उद्योगी व्यवसायीहरुले फलाम छड, जस्तापाता, फलाम पाइप जस्ता वस्तुको मूल्य एकाएक बढाएका थिए । अर्कोतर्फ, केही स्टील व्यवसायीहरुले निश्चित व्यक्तिलाई मात्र नाफा पुग्नेगरी राजस्व दर हेरफेर भएको भन्दै विरोध जनाएका थिए । यहि विषयमा संसदीय समितिमा उजुरी परेको थियो ।

राजस्व दर हेरफेरको यो विषय विवादमा परेपछि उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सरकारलाई प्रतिस्थापन विधेयकको व्यवस्था कार्यान्वयन नगर्न निर्देशन दिएको थियो । "फलामे डण्डीको कच्चा पदार्थको रुपमा रहेको स्पञ्ज आइरन र विलेट्सबीच भन्सार महसुल र अन्तःशुल्कमा गरिएको विभेदकारी व्यवस्थाका कारणले केही उद्योगहरु मात्र संरक्षण हुन गई अन्य उद्योगहरु धराशायी भई सञ्चालन हुन नसक्ने अवस्थामा पुग्दा ठूलो राजस्व तथा रोजगारी गुम्न गएकाले भन्सार तथा अन्तःशुल्कको दरमा पुनर्विचार गर्न निर्देशन दिइएको छ", २०७९ असार ६ गतेको उद्योग समितिको निर्णयमा भनिएको छ, "भन्सार तथा अन्तःशुल्कमा आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा जारी गरेको व्यवस्थालाई परिमार्जन गरि प्रतिस्थापन विधेयकभन्दा पहिलाकै व्यवस्था कायम गर्न निर्देशन दिइन्छ।"

> समितिको मिति २०७९ असार ६ गतेको निर्णय के कति कारणले कार्यान्वयन नभएको सम्बन्धमा जवाफका लागि अर्थ मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखिपठाउने निर्णय भएको छ,

त्यस्तै, स्पञ्जबाट बिलेट बनाउँदा केवल १५ प्रतिशत भन्दा कम मात्र मूल्य अभिवृद्धि (भ्यालु एड) हुने भएकाले स्पञ्जको आयातमा भन्सार महसुल चार दशमलव ७५ प्रतिशतमा पूर्ण छुटको सट्टा २५ प्रतिशतसम्म मात्र छुट दिन समितिले सरकारलाई निर्देशन दिएको थियो । नेपालमा उत्पादन हुने स्पञ्ज आइरन तथा प्राइमरी बिलेट्स दुवै कच्चा पदार्थको आयातमा समान छुट तथा सहुलियतको व्यवस्था गर्न भन्दै सरकारलाई समितिले दिएको उक्त निर्देशन भने हालसम्म पनि पालना भएको देखिँदैन ।

उद्योग समितिले यस विषयमा आइतबार अर्थसचिव कृष्णहरि पुष्कर, उद्योग मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौला, भन्सार विभागका महानिर्देशक शोभाकान्त पौडेल, नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशक कुमारी ज्योति जोशी (भट्ट)लगायतसँग छलफल गरेको थियो ।

अर्थसचिव पुष्करले स्पञ्जमा भन्सार र अन्तःशुल्क छुट दिनुका पछाडिको उद्देश्य उद्योगहरुलाई प्रतिस्पर्धी बनाएर आन्तरिक उत्पादन बढाउनु, नेपालको विद्युत् खपत बढाउनु र रोजगार सृजना गर्नु रहेको दाबी गरे ।

"उद्योगीहरुको क्षमता बढाएर आन्तरिक उत्पादन बढाउने र स्पञ्जबाट बिलेट नेपालमै उत्पादन हुँदा नेपालको विद्युत् खपत पनि बढ्ने उद्देश्यका साथ सरकारले यो व्यवस्था ल्याएको हो", अर्थसचिव पुष्करले समितिमा भने । आर्थिक विधेयक संसद्बाटै पारित भएर ऐनका रुपमा कार्यान्वयन भएको उल्लेख गर्नुहुँदै सचिव पुष्करले संसद् र समितिले दिएका निर्देशनहरु पालना गर्न सरकार प्रतिबद्ध रहेको जिकिर गरे । सरकारले कस्ता कर नीति अबलम्बन गर्ने भन्नेबारे अहिले उच्चस्तरीय कर सुधार आयोग र राजस्व परामर्श समितिले काम गरिरहेको पनि अर्थसचिव पुष्करले जानकारी दिए ।

त्यस्तै समितिले स्पञ्ज आइरन आयातकर्ता र बिलेट आयातकर्ता दुवैथरी उद्योगी व्यवसायीहरुलाई पनि बोलाएर छलफल गरिसकेको छ ।

करका विषयमा मात्र नभई नेपालमा उत्पादित फलामजन्य वस्तुको गुणस्तर, स्टील तथा फलाम उद्योगले गर्ने वातावरण प्रदूषण र श्रमिकको सुरक्षालगायत विषयमा पनि समितिले चासो देखाएको छ ।

समितिले २०७९ असारमा सरकारलाई दिएको निर्देशनमा नेपालमा बन्ने बिलेट्सलाई नेपाल गुणस्तरमान बनाई गुणस्तर कायम गर्न पनि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने निर्णय समितिले गरेको थियो ।

त्यसैगरी, कच्चापदार्थ आयात गर्दा अन्तःशुल्क भन्सार विन्दुमा नलगाई सबै तयारी वस्तु तथा बिक्रीमा मात्र लगाउन पनि समितिले निर्देशन दिएको थियो। समितिको यो निर्देशन पनि हालसम्म कार्यान्वयन हुन सकेको छैन ।रासस

# 'विकासका लागि साझा एजेण्डा आवश्यक'



**टुडे समाचारदाता**

पर्वत। नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रिय अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको विकासका लागि साझा एजेण्डा बनाउनुपर्ने बताएका छन् ।

पर्वत उद्योग वाणिज्य सङ्घको ४१औं वार्षिक साधारणसभा तथा १८औं अधिवेशनको आइतबार कुश्मामा उद्घाटन गर्दै उनले विकासका साझा एजेण्डा नभएसम्म मुलुकले आर्थिक समृद्धि हासिल गर्न नसक्ने बताए । अध्यक्ष ढकालले आर्थिक हिसाबले मुलुक अस्तव्यस्त बनेको बेला सबै दलहरुले विकासका साझा एजेण्डा तयार गर्नुपर्नेमा जोड दिए ।

उनले उद्योग, कलकारखाना खोल्ने कुरालाई राज्यले पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउँदै औद्योगिक क्षेत्रको विकाससँगै ऊर्जा, जलस्रोत, पर्यटन क्षेत्रको विकासमा जोड दिनुपर्ने बताए ।

वाणिज्य महासङ्घका अध्यक्ष ढकालले कोभिड-१९, रसिया-युक्रेन युद्धका साथै सरकारको आर्थिक नीतिका कारण अर्थतन्त्र धरासायी बनेको भन्दै अब भने सुधार हुँदै जाने बताए । "जति बिग्रिने हो त्यति बिग्रिसकेको छ। अब अर्थतन्त्र चलायमान हुँदै गएकाले यो क्षेत्र सुधार हुन्छ", उनले भने ।

> अध्यक्ष ढकालले उद्योग वाणिज्य महासंघको निरन्तरको दबाबपछि राष्ट्र बैंकले ब्याजदर घटाएको स्मरण गराउँदै निजी क्षेत्रको विकास र व्यावसायीको हितका लागि महासंघले काम गर्दै आएको बताए । पर्वतको विकासको लागि लगानीमैत्री वातावरण बनाउने सङ्कल्प गर्नुपर्ने उनको भनाइ छ ।

अध्यक्ष ढकालले उद्योग वाणिज्य महासङ्घको निरन्तरको दबाबपछि राष्ट्र बैंकले ब्याजदर घटाएको स्मरण गराउँदै निजी क्षेत्रको विकास र व्यावसायीको हितका लागि महासङ्घले काम गर्दै आएको बताए । पर्वतको विकासको लागि लगानीमैत्री वातावरण बनाउने सङ्कल्प गर्नुपर्ने उनको भनाइ छ ।

अध्यक्ष ढकालले तीन तहका सरकारका बीच समन्वय नहुँदा लगानीकर्ता र व्यवसायीले उल्झन व्यहोर्नुपरेको उल्लेख गर्दै उपयुक्त समय भएमा एक वर्षमै लगानीको क्षेत्रमा ठूलो उपलब्धि हासिल हुने विचार व्यक्त गरे । पर्यटनको हिसाबले पर्वत उत्कृष्ट जिल्ला बन्दै गएको उनले बताए ।

अध्यक्ष ढकालले पर्वत पर्यटन, जलविद्युत् र धार्मिक क्षेत्रमा अथाह सम्भावना बोकेको जिल्ला भएको उल्लेख गर्दै यस क्षेत्रमा लगानी बढाउन सकेमा रोजगार सिर्जना हुनुका साथै जिल्लाको समृद्धिमा टेवा पुग्ने बताए ।

उनले पर्वतको विकासका लागि गुरुयोजना तयार गर्न आग्रह गर्दै आफूले साझेदारी गर्न तयार रहेको बताए । सङ्घको १८औं अधिवेशनले नयाँ नेतृत्व समेत निर्वाचित गर्नेछ ।

# व्यावसायिक सुपारीखेतीमा सांसद राई



फिक्कल । संविधानसभा सदस्य विष्णुकुमारी राई आइतबारभोलि कृषि कर्ममा व्यस्त छन् । उनी बिहानबेलुका भान्छाको कामबाहेक सबै समय सुपारीखेती स्याहारसुसारमा व्यस्त देखिन्छन् । राजनीतिमा लाग्ने जोकोहीले केही समय छुट्याएर स्वरोजगारमूलक कृषि कर्म गर्नुपर्छ भन्ने मान्यता राख्दै आउनुभएका उनले अहिले पूरै समय कृषिमा लगाएका छन् ।

इलामको देउमाई नगरपालिका जन्मिनुभएका उनी पुरानो राज्यसत्ता परिवर्तन गर्ने भन्दै तत्कालीन नेकपा (माओवादी केन्द्र)ले सुरु गरेको सशस्त्र युद्धमा विसं २०५७ देखि होमिए। शान्ति प्रक्रियापछि माई नगरपालिका-९ बोरुङमा पार्टीकै नेता श्रीमान् राई 'पवन किराती' सँग जनवादी विवाह गरेपछि उनको कर्मभूमि फेरियो। विसं २०६४ मा तत्कालीन नेकपाबाट समानुपातिकतर्फबाट संविधानसभा सदस्यमा निर्वाचित भएका विष्णुकुमारीको पाँचवर्षे कार्यकाल त्यति उपलब्धिमूलक बन्न सकेन । संविधान बनाउन संविधानसभा जानुभएका उनी संविधान नै नबनी संविधानसभा विघटन भएपछि आफ्नो कर्मगाउँ बोरुङ फर्केर सुपारीखेतीमा लागेका हुन्। इलामको राजनीतिमा माओवादीको छुट्टै पहिचान बनाउन सङ्घर्ष गरेका उनी अहिले राजनीतिबाट अलग जस्तै बनेर सुपारीका बोट स्याहार्दै आएका छन् ।

उनले बोरुङमा व्यावसायिक सुपारीखेती थालेका हुन् । पार्टीले लिएको नीतिअनुसार आर्थिक क्रान्तिका लागि कृषि कर्मतिर लागेको उनी बताउछन् । कृषि प्रधान देश नेपालमा कृषिबाट देश विकास सम्भव रहेकाले आफू कृषि कर्मलाई प्राथमिकतामा राखेर अगाडि बढेको उनी बताउछन् ।

"शान्ति प्रक्रिया सुरु भएदेखि नै कृषि कर्म गर्ने इच्छा थियो, संविधानसभा सदस्य भएपछि काठमाडौँ नै बसाइँ भयो, कृषिमा लाग्न पाइएन", उनले भने, "जब पहिलो संविधानसभा विघटन भयो, त्यसपछि कृषिबाट देश विकास सम्भव देखेकाले कर्मभूमिमा फर्केर कृषिको काम थालेको हुँ ।"उनले करिब ५० रोपनी क्षेत्रमा सुपारीखेती लगाउनुभएको छ ।

उनको सुपारी बगानमा अहिले सुपारी फल्ने र हुर्कंदै गरेकासहित करिब आठ हजार सुपारीका बोट छन्। सुपारीखेती विस्तारमा अगुवाइ गरेका विष्णुकुमारीले बोरुङलाई सुपारी गाउँका रुपमा चिनाउने गरी काम गर्ने सोच बनाएको बताए । "अहिले केही सुपारीले उत्पादनसमेत दिन थालेको छ, केही उत्पादन दिने तयारीमा छ", उनले भने, "नयाँ बोट थप गरी अझ सुपारीखेती विस्तार गर्ने योजनामा छु, यस गाउँलाई सुपारी गाउँका रुपमा चिनाउने लक्ष्य छ।" विष्णुकुमारीले सुपारी उत्पादनबाट वार्षिक रु पाँच लाख बढी आम्दानी गर्दै आउनुभएको सुनाए।

व्यापारी बगानमा नै आएर खरिद गर्ने भएकाले उनलाई बजारको चिन्ता छैन । काँचो सुपारी बगानबाटै प्रतिकिलो रु ५० का दरले बिक्री हुने गरेको उनले बताए ।

"बहुवर्षे नगदे बाली सुपारीको एकै बोटबाट ५० किलोसम्म उत्पादन गर्न सकिन्छ, सुपारीले तरकारी र अन्य बालीलाई क्षति नपुऱ्याउने र छहारीको काम गर्ने भएकाले दोहोरो फाइदा लिन सकिन्छ", उनले भने, "यहाँका घरआँगनका डिलदेखि खेतबारी र पाखामा समेत सुपारी रोपेर आयआइतबार्रन गर्न सकिन्छ।"

कम लगानी र मेहनत पनि थोरै लाग्ने भएकाले अन्य खेतीभन्दा सुपारीखेती गर्न सजिलो हुने उनको अनुभव छ । उनले सुपारीका साथै केराखेती, अम्रिसोखेती तथा गाई र भैँसीपालन गर्दै आएका छन् । उनको कृषिकर्ममा पति पवनको पनि राम्रै साथ छ। एक छोरासहित तीन जनाको घरपरिवार सञ्चालन गर्न सुपारीखेती नै पर्याप्त रहेको उनी बताउछन् ।"शान्ति प्रक्रियापछि हाम्रा धेरै सहयोद्धा पैसा कमाउन भन्दै विदेश जानुभयो, "म त्यसलाई रोक्ने अभियानका साथ गाउँघरमा नै कृषि कर्ममा लागेकी हुँ", उनी भन्छन्, "नेपाल कृषिप्रधान देश हो, निरन्तरता दिएर लाग्ने हो भने कृषिबाटै मज्जाले कमाई गर्न सकिँदो रहेछ।"

उनले सशस्त्र युद्धको बलमा नेपालको व्यवस्थामा परिवर्तन भए पनि उत्पीडित जनताको अवस्था परिवर्तन नभएकोप्रति भने चिन्ता व्यक्त गरे । नेपालको वर्गीय, जातीय, लैङ्गिक र भाषिक उत्पीडनका विरुद्ध आफूहरुले हतियार बोकेको स्मरण गर्दै उनले नेतृत्व कुनै न कुनै ठाउँमा चुकेको स्वीकार गरे ।

उनी अहिले नेकपा (माओवादी केन्द्र) को कोशी प्रदेश परिषद् सदस्य छन् ।उनको कृषिकर्म देखेर त्यहाँका अधिकांश किसानलेसमेत सुपारीखेती सुरु गरेका छन् ।

बोरुङ, घलेटार, निरफुकलगायतका किसानले व्यावसायिक सुपारीखेती गर्दै आएका छन् ।

प्रमुख नगदे बालीका रुपमा किसानले सुपारीखेती गर्दै आएका छन् । व्यावसायिकरुपमा सुपारीखेती गर्न थालेपछि किसानको आयआइतबार्रनको स्रोतसमेत बढेको उनको भनाइ छ ।रासस

# सीपमूलक तालिम लिएर आयआइतबार्रनमा जोडिँदै महिला

**टुडे समाचारदाता**

गोरखा । सहिद लखन गाउँपालिकाका महिला सीपमूलक तालिम लिएर आयआइतबार्रनमा जोडिन थालेका छन् । विभिन्न सङ्घसंस्था तथा स्थानीय पालिका र वडामार्फत प्रदान गरिँदै आएको सीपमूलक तालिम लिएर महिला पशुपालन, तरकारीखेती लगायतमा जोडिएर आर्थिक आयआइतबार्रन गर्न सुरु गरेका हुन् ।



सहिद लखन-७, मास्कीछापकी रिता थापामगरले अहिले घर छेउमा बङ्गुरपालन सुरु गरेर वार्षिक रु चार लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ । गाउँपालिकासँगको समन्वयमा 'एड्वान' नामक गैरसरकारी संस्थाले प्रदान गरेको तालिम लिएर व्यावसायिक बङ्गुरपालन सुरु गर्नुभएकी थापामगरले अहिले यही व्यवसायबाट नियमित घरखर्च टरेको छ ।

"कृष्ण पशुपन्छी फार्म दर्ता गरेर बङ्गुरपालन सुरु गरेको छौँ", थापामगरले भने, "अहिले फार्ममा तीन माउ र ११ पाठापाठी छन्, पाठापाठी बेचेर पनि राम्रो आम्दानी हुने गरेको छ ।" बङ्गुरका पाठापाठी ३५ दिन हुनेबित्तिकै एउटाको रु छ हजारदेखि रु छ हजार पाँच सयसम्ममा सजिलै बिक्री हुने भएकाले आयआइतबार्रन राम्रो हुने गरेको उनले बताए ।

व्यावसायिक तालिम लिएपछि बङ्गुरमा लाग्ने रोग, दानापानी खुवाउने तरिकालगायत बारेमा जानकारी प्राप्त भएकाले पाठापाठी हुर्काउनसमेत समस्या नभएको थापामगरले बताए। एउटा बङ्गुरले वर्षमा दुई पटकसम्म बच्चा जन्माउँछ । एकपटकमा १२/१३ सम्म बच्चा पाउने भएकाले तीन बङ्गुरपालन गरे पनि वर्षमा रु चार लाखभन्दा बढी आम्दानी हुने उनले बताए ।

थापामगर मात्र होइन उक्त गाउँपालिका-९ नाम्जुङकी रुपा सिंखडा पनि तालिम लिएर अहिले व्यावसायिक बाख्रापालन सुरु गरेर आयआइतबार्रनमा जोडिएका छन् । गाउँपालिकासँगको समन्वयमा नेपाल दलित महिला उत्थान सङ्घ (एड्वान) ले प्रदान गरेको व्यावसायिक तालिम लिएर बाख्रापालन सुरु गर्नुभएकी सिंखडाले अहिले उन्नत जातका बाख्रापालन सुरु गरेका हुन् ।

"बाख्रा पहिलेदेखि नै पाल्दै आएको हो, तर बाख्रा मर्ने नहुर्कने समस्या भएपछि अब पाल्दिन भनेर पनि छाडे", उनले भने, "पछि वडामै बाख्रापालन तालिम आएपछि तालिम लिएर फेरि पाल्न सुरु गरेको हो, अहिले राम्रो भएको छ ।" बच्चालाई पढाउनेलगायत सबै घर खर्च अहिले बाख्रापालन व्यवसायबाट नै चलाउँदै आएको सिंखडाले बताए ।

"एड्वानले महिलाका लागि वडामै आएर तालिम दिएपछि मैले १५ दिनको तालिम लिएकी हुँ", उनले भने, "त्यहीँ तालिमले अहिले मलाई व्यावसायिकरुपमा बाख्रापालन गर्न सहयोग पुगेको छ।" व्यावसायिक तालिमले आफूहरुलाई आर्थिकरुपमा विस्तारै आत्मनिर्भर बनाउने गरेको सिंखडाको भनाइ छ ।

सो गाउँपालिकाभित्रका सबै वडामा एड्वानले अतिसिमान्तकृत, एकल तथा विपन्न महिलालाई सीपमूलक तालिमसँगै क्षमता अभिवृद्धि र नेतृत्व विकासका तालिम दिएपछि महिला आर्थिक आयआइतबार्रनका लागि कृषि पेसामा जोडिन थालेका हुन् ।


## गौशाला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल

## पोखरी ठेक्का बन्दोवस्तका लागि सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सुचना

दोश्रो पटक प्रकाशित मिति २०८०/११/२१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ र (६४), गौशाला नगरपालिकाको आर्थिक ऐन, २०८० र गौशाला नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम तपसिलमा उल्लिखित पोखरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा व्यक्तिहरुले बोलपत्र पुस्तिकामा उल्लेखित शर्तहरुको अधिनमा रहि बोलपत्र प्रक्रिया सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | सुचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम | बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | GAU/SQ/INCOME/ 1-2080/081 | साबिक ३ नं. वडा आधारभुत विद्यालय नजिकको पोखरी (वडा नं.-९) | ८,१३,७५०।- | २०८०।११।१७ कार्यालय समय भित्र | २०८०।११।२९ दिउँसो २:०० | कुल कबोल अंकको ५% हुन आउने रकम | १०००।- |
| २ | GAU/SQ/INCOME/ 3-2080/081 | पुरानो बजार पोखरी, कान्तिबजार (वडा नं. १२) | २,०२,५००।- | २०८०।११।२७ कार्यालय समय भित्र | २०८०।११।२९ दिउँसो ०२:०० | कुल कबोल अंकको ५% हुन आउने रकम | १०००।- |
| ३ | GAU/SQ/INCOME/ 4-2080/081 | बडेर्वा पोखरी (वडा नं. १०) | २,८१,०७०।- | २०८०।११।२७ कार्यालय समय भित्र | २०८०।११।२९ दिउँसो ०२:०० | कुल कबोल अंकको ५% हुन आउने रकम | १०००।- |

**बोलपत्र दर्ता गर्नुपर्ने अन्तिम मिति** : २०८०/११/२९
**समय** : दिउँसो १२:०० भित्र
**स्थान** : गौशाला नगरपालिकाको कार्यालय
उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।
थप जानकारीको लागि गौशाला नगरपालिकाको, कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# डुबेर मृत्यु हुनेमा मधेश प्रदेश दोस्रो

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा पानीमा डुबेर मृत्यु हुनेहरुको संख्या देशव्यापीरुपमा दोश्रो स्थानमा रहेको छ।

पानीमा डुबेर मृत्यु हुनेमा सबैभन्दा बढी लुम्बिनी प्रदेशमा छ। लुम्बिनीमा ५ सय १, मधेश प्रदेशमा ४ सय ९९, गण्डकी प्रदेशमा ४ सय ६१, कोशी प्रदेशमा ४ सय ५६, बागमती प्रदेशमा ३ सय ३५ सुदूरपश्चिम प्रदेशमा २ सय १ जनाको मृत्यु भएको छ भने कर्णाली प्रदेशमा भने पानीमा डुबेर सर्वसाधारणलाई मर्नु परेको छैन।

पानीमा डुबेर मृत्यु हुनेहरुको बढ्दो संख्या र बच्ने उपायबारे नीति संवाद गर्दै नेपाल मधेश फाउण्डेसनले आइतबार जनकपुरधाममा आयोजना गरेको कार्यक्रममा बोल्दै जसपाका संसदीय दलका सचेतक राम अशिष यादवले मधेशमा खेतीयोग्य जमिनबाट माटो र जथाभावीरुपमा नदीजन्य पदार्थ बालुवा गिट्टीलगायतका उत्खनन्ले गर्दा मधेश मरभूमिमा परिणत भइरहेको भन्दै उनले चिन्तासमेत व्यक्त गरे।



हराभरा जमिनलाई उजाड पारेकै कारणले जल, जंगल, जमिनको संरक्षण हुने भएकाले जथाभावीरुपमा माटो उत्खनन् गरि मानवनिर्मित पोखरीले गाउँघरमा वर्षेनी बालबालिकासमेतको मृत्यु हुने गरेकाले तत्काल यसको नियन्त्रणका लागि कानुन बनाउनुपर्ने नेता यादवले बताए।

उनले मधेश प्रदेशसभाबाट तत्काल कानुन बनाएर अनाहकमा खनिएको खाल्डोमा जमेको पानीमा डुबेर मर्नु पर्ने अवस्था निन्दनीय रहेको बताए।

प्रदेशसभा सदस्य जैनुल राइनले प्रदेशमा आवश्यक कानुन नहुँदा कारवाहीका लागि पनि दोषी कसलाई ठहर गर्ने र सो घटनामा मृत्यु भएकालाई कुन मुद्दामा कसलाई आरोपित बनाएर कारबाही प्रक्रिया अघि बढाउने भन्ने बारे स्पष्ट नरहेको बताए। त्यसैले कानुनको आवश्यक प्रदेशसँगसँगै स्थानीय सरकारले समेत अविलम्बरुपमा बनाउनुपर्ने उनले बताए।

निर्माण व्यवसायी पंकज महतोले समाजमा विकास निर्माणको कार्यको क्रममा खाल्डाखुल्डी सरोकारवालाकै सहमती अनुरुप हुने गरे पनि अनाहकमा निर्माण व्यवसायीहरुलाई फन्दामा पार्ने गरेको बताए।

सो नीति संवाद कार्यक्रममा कामदेव खनाल, नेमाफका प्रबन्धक कृष्णकुमार साहलगायतकाले पानीमा डुबेर मृत्यु हुनेहरुको बढ्दो संख्या र बच्ने उपायका लागि स्थानीय सरकारदेखि प्रदेश सरकारले समेत कानुन निर्माण गरी यसको नियन्त्रण गर्नुपर्नेमा जोड दिए।

# सडक सुरक्षाका लागि प्रदेश सरकार प्रतिवद्ध : मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले सडक सुरक्षाका लागि प्रदेश सरकार प्रतिवद्धत रहेको वताएका छन् । उनले सडकमा हुने दुर्घटना न्यूनिकरणका लागि प्रदेश सरकार प्रहरी संग कान्धमा कान्ध मिलाएर चल्न तयार रहेको बताए । तर, प्रदेशको शान्ति सुरक्षाको सबालमा नेपाल प्रहरीले प्रदेश सरकार संग समन्वय नगरेको गुनासो समेत गरे ।

नेपाल प्रहरी प्रधान कार्यालयद्वारा आयोजित सडक सुरक्षा सम्बन्धि प्रस्तुति तथा डव्लु एच ओ द्वारा ब्रेवलाइजर हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री यादवले प्रदेशको शान्ति सुरक्षाको विषयमा प्रदेश सरकार गम्भीर भए पनि नेपाल प्रहरीको असमन्वयकारी भूमिकाका कारण सोचे अनुरुपको उपलब्धि हासिल गर्न नसकेको बताए।

सडक दुर्घटना न्यूनिकरणका लागि प्रदेश सरकार आवश्यक कदम चाल्न तत्पर रहेको उल्लेख गर्दै मुख्यमन्त्री यादवले सडक सुरक्षाका लागि चाहिने आवश्यक उपकरण मांग गर्न सम्बन्धित निकायलाई निर्देशन समेत दिए।

मुख्यमन्त्री यादवले प्रत्येक जिल्लामा यातायात कार्यालय नहुँदा सेवाग्राहीलाई भइरहेको समस्यालाई मध्यनजर गर्दै प्रत्येक जिल्लामा यातायात कार्यालयको स्थापना गरेको बताए। उनले ट्राईल सेन्टरकै गाडी बाट ट्राईल दिनु ब्यबस्थाले सेवाग्राहीहरुलाई समस्या भइरहेकोमा अब आफ्नै गाडिले ट्राईल दिन पाउने ब्यबस्था लागु गरेको उल्लेख समेत गरे।

कार्यक्रममा भौतिक पूर्वाधार मन्त्री कृष्णा यादव, अर्थमन्त्री संजय यादव, स्वास्थ्यमन्त्री वीरेन्द्र प्रसाद सिंह, मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआईजी यज्ञबिनोद पोखरेल सहितको उपस्थित रहेको थियो।

सो अबसरमा विश्व स्वास्थ्य संगठनले ३० थान ब्रेथलाइजर प्रदेश ट्राफिक प्रहरीलाई हस्तान्तरण गरेको थियो।



यता मुख्यमन्त्री यादवले मधेशको समृद्धिका लागि शिक्षा र स्वास्थ्य क्षेत्रलाई मधेश सरकारले पहिलो प्राथमिकतामा राखेको बताएका छन् । नेपाल चिकित्सक संघ जनकपुरधाम शाखाको तत्वाधानमा नेपाल चिकित्सक दिवसको अवसर पारेर आइतबार बाट जनकपुरधाममा सुरु भएको मधेश स्वास्थ्य शिखर सम्मेलन २०२४को समुद्घाटन सत्रमा मुख्यमन्त्री यादवले स्वास्थ्य क्षेत्रको विकासका लागि प्रदेश सरकार प्राथमिकताका साथ काम गरिरहेको बताए।

शिक्षा र स्वास्थ्यलाई राजनीतिबाट टाढा राख्नु पर्ने उल्लेख गर्दै उनले यसका लागि सरकार र समुदायलाई हातेमालो गरेर अघि बढनुपर्ने विचार व्यक्त गरे। स्वास्थ्य क्षेत्रको सुधार भौतिक प्रगतिले मात्र सम्भव नरहेको बताउँदै उनले भने-'प्रदेश सरकार स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार व्यवस्थापनको क्षेत्रमा तीब्र गतिमा अघि बढेको छ। अव चिकित्सकहरुले आफनो धर्म निर्वाह गर्नु पर्दछ। हामी मेसिन ल्याई दिन्छौ, चलाई दिने जिम्मा यहाँहरुको हो।'

चिकित्सकहरुकै मांग अनुसार मधेश सरकारले हालै भर्ना गर्न लागेको करारका चिकित्सकहरुको लागि ४५ वर्ष उमेर निर्धारण गरेको उल्लेख गर्दै मुख्यमन्त्री यादवले छिट्टै कानुन संशोधन गरेर लोक सेवामा समेत सोही उमेर निर्धारण गरिने प्रतिबद्धता समेत जनाए । चिकित्सकहरुको पारिश्रमिक सम्बन्धि गुनासोलाई सम्बोधन गर्न मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका चिकित्सकहरुलाई थप ४० प्रतिशत भत्ता दिन थालिएको जानकारी समेत गराए।

मधेश सरकारले स्वास्थ्य क्षेत्रको विकासमा कुनै कसर बाँकी नराख्ने उल्लेख गर्दै मुख्यमन्त्री यादवले प्रदेश मातहतका प्रादेशिक अस्पतालहरुलाई १०० बेडमा स्तरोन्नति गर्नुका साथै थप ५ वटा अस्पताललाई ५० बेडको बनाउने कार्य भई रहेको बताए।

चिकित्सक संघ जनकपुर शाखाका अध्यक्ष डा. रामजी यादवको अध्यक्षतामा भएको उक्त उद्घाटन सत्रमा विशिष्ट अतिथि एवं मधेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र प्रसाद सिंहले सरकारको लगानीले मात्र स्वास्थ्य क्षेत्रको सुधार सम्भव नरहेको बताउँदै चिकित्सकहरुलाई इमान्दर हुनु पर्ने बताए । उनले शिखर सम्मेलनले निकाल्ने निष्कर्ष प्रदेश सरकारका लागि मार्ग दर्शन हुने र त्यसलाई आफूहरु सहर्ष ग्रहण गर्ने प्रतिबद्धता समेत व्यक्त गरे।

उद्घाटन सत्रमा प्रा डा. जय नाथ साह, डा. निरज सिंह, डा. अनिल बिक्रम काकी सहितले मन्तव्य व्यक्त गरेका थिए।

# एक तीर्थयात्रीको मृत्यु

**टुडे समाचारदाता**

बारा। भारतका विभिन्न तीर्थस्थल पुगी फर्कने क्रममा बाराका एक तीर्थयात्रीको आइतबार बिहान मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता दधीराम न्यौपानेले मृत्यु हुनेमा महागढीमाई नगरपालिका-६ लक्ष्मनवा टोलका ७५ वर्षे गणेशप्रसाद कुशवाहा रहेको जानकारी दिए।

करिब एक सय जनाको समूहसहित कुशवाह २५ दिनअघि धार्मिक यात्रामा निस्केका थिए।

भारतका विभिन्न तीर्थस्थल पुगी भारतको आदापुरबाट पैदल फर्किने क्रममा उनी कलैया उपमहानगरपालिका-१२ स्थित नेरा आधार भूत विद्यालयमा विश्राम गरेका थिए।

उनको शव प्रदेशिक अस्पताल कलैयामा राखिएको छ । उनको मृत्यु कसरी भयो भन्नेबारे अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ।

# हाटबजार सञ्चालन हुँदा किसान खुसी

**टुडे समाचारदाता**

सिरहा। आफूले उत्पादन गरेको तरकारी बजारसम्म लगेर बिक्रीवितरण गर्न किसान लक्ष्मण महतोले सास्ती खेप्दै आएका थिए। लहान नगरपालिका-१६ तरेगणाका उनलाई गाउँबाट लहान बजारको हाटबजारसम्म करिब १५ किलोमिटरको दूरी हप्तामा दुईपटक दुःख, कष्टले धाउनु नियमित कर्मजस्तै बनेको थियो। अहिले भने महतोले आफ्नो उत्पादनलाई उचित मूल्यमा गाउँकै हाटबजारमा बेच्न पाएका छन्। गत माघ २८ गतेबाट नगरपालिकाले आइतबार र बिहीबार गरी हप्ताको दुई दिन गाउँमै कृषि हाटबजार सञ्चालन गरेपछि महतोजस्तै यहाँका अन्य व्यावसायिक किसान यतिबेला खुसी भएका छन्।



"हामीलाई लहान बजारसम्म तरकारी बोकेर धाउन सास्ती थियो। कहिले अटोरिक्सा नपाउने त कहिले के समस्या", किसान महतोले भने, "यो हाटबजार सञ्चालनसँगै हाम्रो उत्पादन यही बिक्रीवितरण गर्न पाएका छौँ । हामी एकदमै उत्साहित भएका छौँ ।" यतिखेरै तरकारी किन्ने ग्राहक आइपुग्छन् । तीन किलो काउली जोखिसकेपछि प्रफुल्लित हुँदै महतोले भने, "देख्नुभयो नि मलाई बोल्ने फुर्सद पनि हुन्न। अझ साँझ पर्दै गएपछि यहाँ तरकारी खरिद बिक्री गर्नेको भीड हुँदै जान्छ।"

स्थानीयका अनुसार विसं २०४६/०४७ सम्म सोही स्थानमा ठूलो हाटबजार लाग्ने गरेको थियो। तरेगना (गाईघाट)मा लाग्ने उक्त हटिया भर्नलाई उदयपुरको नेपालटारबाछ चुरेपहाड छिचोलेर स्थानीय उत्पादन आलु, काउली, रिठ्ठा, तेजपत्ता, सुन्तलालगायतका तरकारी तथा फलफूल खरिद बिक्री गर्न मानिस आउने गर्दथे। तत्कालीन समयमा नेपालटार-गाईघाट सडक सञ्जालमा जोडिएको थिएन । सोही कारण नजिक पर्ने हटिया भएकाले मानिसका ताँती लागेर हटिया आउनेजाने गरेको स्थानीय १६ नं वडाका वडाध्यक्ष गडुलबहादुर जर्घामगरले बताए । उनका अनुसार तत्कालीन समयमा छिमेकी देश भारतबाट समेत भरिया लिएर व्यापारी त्यस हटियामा आउनेजाने गरेका थिए।

"त्यस समय म २०-२५ वर्षको युवक थिएँ । त्यति ठूलो हाटबजार विविध कारण बन्द हुनपुग्यो, जुन मेरो मानसपटलमा ताजै छ । जनप्रतिनिधि हुनुका नाताले केही वर्ष पहिलेदेखि पटक-पटक हाटबजार सञ्चालन गर्न पहल गरेता पनि अहिले सफल भएका छौँ", अध्यक्ष मगरले भने, "स्थानीय किसानको उत्पादन खपत अब यहीँ हुनेछ। साना किसानले पनि व्यावसायिकरूपमा तरकारी तथा फलफूल उब्जाउ गर्नलाई यस हाटबजारले प्रोत्साहन दिनेछ भन्ने विश्वास लिएको छु।"

> लोप भइसकेको हाटबजारलाई नगरपालिकाले पुनः सञ्चालन गरी किसान र उपभोक्ताबीच कृषि सामग्री खरिद-बिक्री गरी आर्थिक उपार्जन गर्ने उद्देश्यले हाटबजार सञ्चालनमा ल्याइएको नगरप्रमुख महेश चौधरीले बताए ।

गाउँबाट ल्याइएका कृषि सामग्री खरिदबिक्रीले किसान तथा उपभोक्ताको सिधा सम्पर्क हुने र किसानले उचित मूल्य पाउने हुँदा यहाँका साना किसानको आर्थिक जीविकोपार्जनमा टेवा पुग्ने विश्वास अध्यक्ष मगरले गरे।

हाटबजार सञ्चालनमा आएपछि आफ्नो खाजा तथा किराना पसलमा चहलपहल पनि ह्वात्तै बढेर व्यापार वृद्धि भएको बताउछन् रक्टु साह । तर हाटबजार सञ्चालनपछि नगरपालिकाले खानेपानी र सार्वजनिक शौचालयको व्यवस्था नगरिदिएकामा उनको गुनासो छ । उक्त गुनासो सम्बोधन गर्न नगरपालिकासमक्ष पहल गरिएकाले चाँडै सामाधान हुने आश्वासन पाएको वडा सदस्य राधेश्याम चौधरीले जानकारी दिए।

लोप भइसकेको हाटबजारलाई नगरपालिकाले पुनः सञ्चालन गरी किसान र उपभोक्ताबीच कृषि सामग्री खरिद-बिक्री गरी आर्थिक उपार्जन गर्ने उद्देश्यले हाटबजार सञ्चालनमा ल्याइएको नगरप्रमुख महेश चौधरीले बताए। हाटबजारको विस्तार र संरक्षणमा आफूहरू लागिपरेको भन्दै नगरप्रमुख चौधरीले स्थानीय कृषिजन्य वस्तुको बजारीकरण गर्न हाटबजारले निकै सघाउ पुर्‍याएकाले केही महिनाभित्रै नगरपालिकाको अन्य वडामा पनि थप हाटबजार सञ्चालन ल्याउनका लागि सम्भाव्यता अध्ययन भइरहेको जानकारी दिए। तीन दशकभन्दा लामो समयपछि गाउँमै पुनः हाटबजार सञ्चालनपछि स्थानीय उत्पादनले बजार पाउँदा किसान आर्थिकरूपले सवल र आत्मनिर्भरमात्रै होइन उनीहरूलाई मेहनती र उद्यमशील पनि बनाएको छ।

# दुईको मृत्यु एक घाइते

**टुडे समाचारदाता**

जलेश्वर। जनकपुरधाम-मटिहानी सडक खण्डमा सवारी दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्। मृत्यु हुनेमा धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-१ का राजकिशोर यादव र महोत्तरीको पिपरा गाउँपालिका ५ सहोरवाका अकवर राईन रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

सो सडक खण्डमा दुई बजेको समयमा पिपरा गापा १ ढेकाहा बजार स्थित मटिहानी जनकपुरधाम सडक खण्डमा पिपराबाट मटिहानी तर्फ आउँदै गरेको मधेश प्रदेश ०१ त ३०० ९ नम्वरको ट्याक्टरलाई सोही दिसावाट आउँदै गरेको वीआर ०६ पीडि ३३३० नम्वरको टाटा सुमोले ठक्कर दिई भाग्ने क्रममा मटिहानीबाट जनकपुरधाम तिर जाँदै गरेको साईकल यात्रीलाई ठक्कर दिई दुर्घटना भएको प्रहरीले जनाएको छ।

ट्याक्टरमा सवार लेवर (कामदार) पिपरा गा.पा.०५ सहोडवाका मोहमद झप्सि कवाडीको ढाडमा चोट अवस्था मध्यम उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको जनाइएको छ।

# बसको ठक्करबाट दुईको मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा संस्थागत विद्यालयहरुले संचालन गर्दै आएको सवारीसाधनले गर्दा दुई जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन् ।

जनकपुरधाम- जलेश्वर सडकखण्ड अन्तर्गत जकपुरधाम उपमहानगरपालिका- २३ स्थित बिन्धीमा आइतबार प्र २-०२-००१ क ०४३१ नम्बरको एंजल्स स्कुलको बसले ठक्कर दिँदा स्थानीय ३५ वर्षीया राखिदेवी यादव, देवकली साहको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

घाइते हुनेहरुमा स्थानीय पशुपति देवी यादव, अम्बिका झा, भुवनेश्वरी झा, ममता देवी, बलकिया देवी र बालक सोनु कुमार साह रहेका छन्। घाइतेहरुको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको जनाइएको छ।

हिन्दू धार्मिक परम्परा अनुसार वैवाहिक रितिरिवाज मध्ये मटकोर विधिको क्रममा पोखरीबाट माटो भर्नका लागि महिलाहरु सडक छेउमा रहेको पोखरी तर्फ जाँदै गर्दा तीव्रगतिमा रहेको स्कुल बसले ठक्कर दिएपछि दुर्घटना हुन पुगेको स्थानीवासयीहरु बताउँछन् ।

# समाजवादी किसान संघ मधेश प्रदेशमा नयाँ नेतृत्व

**टुडे समाचारदाता**

राजविराज । समाजवादी किसान महासंघ मधेश प्रदेश समितिको अध्यक्षमा हरेराम यादव चयन भएका छन् ।




प्रदेश समितिको राजविराजमा आईतवार वसेको प्रथम बैठकले यादव नेतृत्वमा ३१ सदस्यीय निर्विरोध नयाँ कार्य समिति चयन गरेको छ। समितिको बन्द सत्रले उपाध्यक्षमा मनोज कुमार सिंह, अरुण कुमार यादव, डम्बर कुमारी न्यौपाने, मुख्य सचिवमा श्रीराम गिरि, सचिवमा मो.सविर अली र कोषाध्यक्षमा जयन्ति देवीलाई निर्विरोध चयन गरेको छ।

यसैगरी सदस्यहरुमा अयोधीप्रसाद यादव, अंगत प्रसाद साह, जिवछ यादव, चनर देव खंग, जगदिश यादव, श्रीलाल यादव, राम देव यादव, चन्देश्वर यादव, राजोपित यादव, मानन चौधरी, संजय सिंह, कविता महतो, ललित नारायण महतो, राम सुखित यादव, हरिगोपाल यादव, सुधीर यादव, अरुण यादव, युगल किशोर कापर, रामचन्द्र कलवार, राम किशुन राय, गौरी राय, भिखारी राउत कुर्मी र श्याम बावु प्रसाद चयन भएका छन् । सो अवसरमा समाजवादी किसान संघका राष्ट्रिय अध्यक्ष संजय सिंह तथा जसपा नेपालका राजनीति समिति सदस्य शैलेन्द्र साहको विशेष उपस्थिती रहेको थियो. ।

जसपा निकट समाजवादी किसान महासंघको प्रथम प्रादेशिक भेलाको यस अघि अघिल्लो दिन शनिवार जसपा अध्यक्ष उपेन्द्र यादवले उद्घाटन गरेका थिए । निर्विरोध चयन भएका समितिका नवनिर्वाचित पदाधिकारीहरुले कृषि क्षेत्र तथा किसानका समस्या समाधानका लागि आफूहरुले काम गर्ने प्रतिबद्धता जनाए । बन्द सत्रमा मधेश प्रदेशका ८ वटै जिल्लाका १ सय २० जना किसान प्रतिनिधि सहभागि भएका थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८